# विद्यालय सुधार योजना

अद्यावधिक : २०८३ (सन् २०२६)

# योजना अवधि :-२०८३-२०८७

श्री राष्ट्रिय माध्यमिक विद्यालय

पुनर्वास नगरपालिका-११, अमरबस्ती,

कञ्चनपुर

**विद्यालय सुधार योजना**

**पञ्चबर्षीय योजना**

**(२०८३ देखि २०८७ सम्म)**

**विद्यालय सुधार योजना निर्माण कार्यटोली**

**गठन मिति : २०८३/०१/०९**

**तपसिल**

| क्र.सं. | नाम | पद | गठन प्रक्रिया | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नबराज पाण्डेय | संयोजक | प्रधानाध्यापक | |
| २ | पदम सिंह धामी | सदस्य | स्थानीय तहको प्रतिनिधि | |
| ३ | निर्मला देवी सिंह | सदस्य | विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि | |
| ४ | महेश्वरी सिंह | सदस्य | शिक्षक अभिभावक सङ्घको प्रतिनिधि | |
| ५ | दिपकराज जोशी | सदस्य | शिक्षाप्रेमी | |
| ६ | दुर्गाप्रसाद शर्मा | सदस्य | शिक्षक प्रतिनिधि | |

## हाम्रो भनाइ

विद्यालय सुधार योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय (Better school), राम्रो शिक्षण (Better teaching) र राम्रो सिकाइ (Better learning) को सुनिश्चितता प्रदान गर्नु हो । विद्यालय सुधार योजना विद्यालयको आफ्नै पहलमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन हो। विद्यालय सुधार योजना (School Improvement Plan-SIP) विद्यालयको शैक्षिक गुणस्तर सुधारमा केन्द्रित रही निर्माण गरिने साधन हो। विद्यालय सुधार योजनाको मूल ध्येय विद्यालयको समग्र पक्षको सुधार मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु हो । विद्यालय सुधार योजनाको प्रयोगबाट अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको सक्रिmय सहभागिताको प्रवद्र्धन, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न सहयोग पुग्दछ । विद्यालय समुदायको महत्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गरेको छ। त्यसैले विद्यालय सुधार योजनामा सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त विद्यालयको आन्तरिक स्रोत तथा सबै सहयोगी निकायसँगको समन्वय, साझेदारी र सहकार्यमा विद्यालयलाई प्राप्त हुने सहयोगबाट सम्पादन गर्न सकिने कार्यकलापहरूलाई समेत समावेश गर्नु पर्दछ । यसका साथै योजनामा बजेट बिना र कम बजेटमा गर्न सकिने कार्यकलापहरूमा विशेष जोड दिनु आवश्यक छ।

विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक सक्षमतामा सुधार गर्न योजनाबद्ध प्रयास विद्यालय स्तरबाटै गर्नुपर्ने आवश्यकता महसुस गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को सुरूवातसँगै आर्थिक वर्ष (आ.व.) २०५६/०५७ देखि १२ जिल्लामा परीक्षणको रूपमा विद्यालय सुधार योजना निर्माणको प्रारम्भ गरिएको थियो। परीक्षणबाट प्राप्त नतिजाका आधारमा विद्यालय सुधार योजनालाई आ.व. २०५८/०५९ देखि देशव्यापी रूपमा विस्तार गरिएको थियो। शिक्षा ऐन २०२८ (सातौं संशोधन) तथा शिक्षा नियमावली,२०५९ (नवौं संशोधनसहित) ले विकेन्द्रीकृत शैक्षिक योजनाको रूपमा विद्यालयमा आधारित योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनाको व्यवस्था गरेको छ। यसै सन्दर्भमा सबैका लागि शिक्षा कार्यक्रम (वि.सं. २०६१-२०६६), विद्यालय क्षेत्र सुधार कार्यक्रम (वि.स २०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (वि.सं. २०७३-२०८०) र विद्यालय शिक्षा क्षेत्र योजना(२०७९-२०८८) मा विद्यालय सुधार योजनालाई महत्वपूर्ण साधनको रूपमा निरन्तरता दिइएको छ। विद्यालय सुधार योजना सम्बन्धी नीतिगत व्यवस्था अनुरूप विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्ने गरेका छन्। योजना निर्माणले सरोकारवालाहरूको सहभागिता र क्षमता अभिवृद्धिमा टेवा पुगेको छ। योजना निर्माण, कार्यान्वयन र स्रोत परिचालन जस्ता कार्यहरूमा स्थानीय समुदायको सरोकार, सहभागिता, अपनत्व र जवाफदेहितामा बढोत्तरी हुँदै आएको छ। यस विद्यालयले पनि २०७२-२०७६ सम्मको पञ्चबर्षीय योजनाको रुपमा विद्यालय सुधार योजना निर्माण गरेको थियो। तत्पश्चात विद्यालय सुधार योजना निर्माण कार्य दल निर्माण गरी पाँच बर्षका लागि (२०७८–२०८२) हुने गरी विद्यालय सुधार योजना निर्माण गरिएको थियो। शै.स.२०८२ मा यो विद्यालय सुधार योजनाको पाँच बर्ष अवधि पूरा भएको हुँदा विद्यालय सुधार योजना कार्यटोली गठन भई उक्त कार्यटोलीले कार्य सम्पन्न गरेको छ।

# आभार

विद्यालयको आफ्नै पहल, सरोकारवालाहरूसँगका सहकार्य एवम् समन्वयबाट शिक्षण सिकाइमा सुधार ल्याउनु विद्यालय सुधार योजनाको मुख्य उद्देश्य हो । विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समीक्षामा वि.व्य.स.को भूमिका निर्णायक रहन्छ । विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनबाट मात्र यसको सार्थकता पूरा हुन्छ । प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले योजना कार्यान्वयनको अवधिमा नियमित रूपमा अनुगमन एवम् समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्नुपर्दछ । यस श्री राष्ट्रिय माध्यमिक विद्यालयले निर्माण गरेको पाँच बर्षे विद्यालय सुधार योजना(२०८३-२०८७) सरसरती अध्ययन गर्दा अत्यन्तै सान्दर्भिक छ । विद्यालयको ऐतिहासिक, शैक्षिक, भौतिक, आर्थिक तथ्याङ्क अद्यावधिक हुनुका साथै आगामी पाँच बर्षका लागि राखिएका योजनाहरू समेत महत्वपूर्ण छन् । विद्यालय सुधार योजना भित्र विद्यालयको समग्र स्थिति झल्किएको छ । विद्यार्थीहरूको कक्षागत विवरण, बिषयगत सिकाइ उपलब्धि, शिक्षकहरूको प्रोफाइल, वि.व्य.स., शि.अ.सं., प्र.अ. हरूको नामावली, विद्यालयको आन्तरिक सक्षमता, शैक्षिक सुधार कार्ययोजना, भावी योजना समावेश भएको हुँदा विद्यालयका लागि फलदायी हुने अपेक्षा गरिन्छ । विद्यालयको समग्र तथ्याङ्क यो विद्यालय सुधार योजनामा समावेश भएको हुँदा विद्यालयका सरोकारवाला सबैका लागि अध्ययन गर्ने दस्तावेजका रुपमा कार्य गर्नेछ भन्ने विश्वास गर्दछु । विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी विद्यालयको हुनेछ । साथै यस योजनामा उल्लेख भएका योजना र कार्यक्रमहरू कार्यान्वयनमा वि.व्य.स. सहयोगीका रूपमा रहने प्रतिबद्धता व्यक्त गर्दै यो विद्यालय सुधार योजनाको निर्माणमा अहोरात्र खट्नु हुने कार्यटोलीका सबै जिम्मेवार सदस्यहरूलाई धन्यवाद दिदैं विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

.......................................................

टेक बहादुर खड्का
(अध्यक्ष, विद्यालय व्यवस्थापन समिति)
श्री राष्ट्रिय माध्यमिक विद्यालय
पुनर्वास ११ अमरबस्ती, कञ्चनपुर

मिति : २०८३ /०२/१०

# आभार

हिजोको शिक्षा, आजको इच्छा र भविश्यको प्रतिक्षा नै योजना हो । विद्यालयले आवधिक रूपमा विद्यालय सुधार योजना तयार गरी समग्र व्यवस्थापन एवम् सुधार कार्य सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । यस श्री राष्ट्रिय माध्यमिक विद्यालयले वि.सं. २०८२ देखि २०८७ सम्मका लागि निर्माण गरेको विद्यालय सुधार योजनाप्रति म आभारी छु । यस योजनामा रहेका पञ्चबर्षीय कार्यक्रमहरूको क्रमशः कार्यान्वयन हुँदै जानेमा म विश्वस्त छु । साथै स्थानीय तहले सङ्घीय तथा प्रदेश कानुन एवम् राष्ट्रिय नीति तथा कार्यक्रम समेतलाई दृष्टिगत गरी विद्यालय सुधार योजना सम्बन्धी नीति निर्माण, सहजीकरण, क्षमता विकास, बजेट व्यवस्थापन, अनुगमन, मूल्याङ्कन र नियमनका कार्य गर्नु बाञ्छनीय हुन्छ । यस कार्यका लागि पुनर्वास नगरपालिका वडा ११ को कार्यालय सहयोग गर्न तत्पर रहेको व्यहोरा अनुरोध गर्दछु । विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी विद्यालय स्वयम्को हुने भएता पनि वडा कार्यालयबाट हुने सक्दो सहयोग विद्यालयलाई रहनेमा विश्वास दिलाउन चाहन्छु । यस विद्यालय सुधार योजनामा रहेका कार्यक्रमहरूका लागि स्रोतको व्यवस्था गर्न वडा तह हुँदै नगरपालिका, प्रदेश सभा र केन्द्रीय स्तरबाट आफ्नो सक्दो पहल रहने प्रतिबद्धता व्यक्त गर्दछु । कुनै पनि क्षेत्रको विकासका लागि योजना आवश्यक पर्दछ । बिना योजना काम गर्न खोज्दा अन्योलता सिर्जना हुन सक्छ । अतः यस विद्यालयले विद्यालय सुधार योजनाको पाँच बर्षे योजना निर्माण गरी विद्यालयको अग्रगामी विकासका लागि गरेको प्रयास अत्यन्तै सराहनीय रहेको छ । विद्यालय सबै जाति, भाषा, धर्म, संस्कृति र समुदायका व्यक्तित्वहरूको साझा थलो भएकोले सबैले एक आपसमा हातेमालो गर्दै अगाडि बढ्न सके विद्यालयको समग्र पक्षको हित हुनेछ । सो कार्यका लागि यो विद्यालय सुधार योजना महत्वपूर्ण सहयोगी बन्नेछ । विद्यालय सुधार योजना निर्माण कार्यमा हमत्वपूर्ण भूमिका निर्वाह गरेकोमा विद्यालयका प्रधानाध्यापक श्री नबराज पाण्डेय ज्यूप्रति लगायत विद्यालय सुधार योजना निर्माण कार्यटोलीका सम्पूर्ण सदस्यज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

..............................................

श्री तुलसी अर्याल

वडाध्यक्ष, पुनर्वास नगरपालिका वडा नं. ११

कञ्चनपुर, नेपाल ।

मिति : २०८३/०२/१०

## योजनाको सारांश

श्री राष्ट्रिय माध्यमिक विद्यालय, पुनर्वास–११, अमरबस्ती, कञ्चनपुरद्वारा तयार गरिएको यो पञ्चवर्षीय विद्यालय सुधार योजना (२०८३–२०८७) विद्यालयको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, व्यवस्थापकीय क्षमता तथा समग्र विद्यालय विकासलाई केन्द्रमा राखी निर्माण गरिएको हो । यस योजनाको मूल उद्देश्य विद्यार्थीको अन्तर्निहित प्रतिभा र सर्वाङ्गीण विकास गर्दै गुणस्तरीय, समावेशी तथा बालमैत्री शिक्षा प्रदान गर्नु हो । विद्यालय वि.सं. २०३४ साल मा स्थापना भएको हो । हाल विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म अध्ययन–अध्यापन सञ्चालन भइरहेको छ । विद्यालयसँग ९ वटा भवन, २४ वटा कक्षाकोठा, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खेल मैदान र शुद्ध खानेपानीको थोरै भएपनि सुविधा उपलब्ध छ । यद्यपि २ वटा कक्षाकोठा जीर्ण अवस्थामा रहेकाले मर्मत आवश्यक देखिएको छ । पाँच वर्षको अवधिमा विद्यालयले विद्यार्थी नियमितता बढाउने, सिकाइ उपलब्धिमा सुधार ल्याउने, शिक्षकको कार्यसम्पादन प्रभावकारी बनाउने, भौतिक पूर्वाधार सुदृढ गर्ने, सूचना प्रविधिको प्रयोग विस्तार गर्ने तथा विद्यालय र समुदायबिचको सम्बन्ध अझ सुदृढ गर्ने लक्ष्य लिएको छ । योजनाको सफल कार्यान्वयनका लागि विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय तह तथा अन्य सहयोगी निकायहरूको सक्रिय सहभागिता र सहकार्यलाई विशेष महत्व दिइएको छ ।

शैक्षिक सत्र २०८२ मा कक्षा १–५ मा १६८, कक्षा ६–८ मा १७१ र कक्षा ९–१० मा १७७ विद्यार्थी अध्ययनरत रहेका थिए । शैक्षिकसत्र २०८३ मा कक्षा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म १४९ जना, कक्षा ६ देखि ८ सम्म १४३ जना र कक्षा ९ र १० मा १८० जना गरि जम्मा ४७२ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । कक्षा १–५ को कक्षोन्नति दर ८८.६९%, कक्षा ६–८ को ७४.२६% र कक्षा ९ को ७८.३०% रहेको छ । विद्यालयको समग्र सिकाइ उपलब्धि २.४३ रहेको छ, जसलाई थप सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । विद्यालयमा हाल २० जना शिक्षक तथा कर्मचारी कार्यरत छन् । विषयगत शिक्षकको अभाव विशेषगरी विज्ञान, स्वास्थ्य, नेपाली र अङ्ग्रेजी विषयमा देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा विद्यालयको कुल आम्दानी तथा प्राप्ति रु. १,२१,१३,२७७.३८ रहेको थियो । योजनाले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, नियमित उपस्थिति, टिकाउ दर सुधार, शिक्षकको कार्यसम्पादन अभिवृद्धि, सुरक्षित तथा बालमैत्री वातावरण निर्माण, सूचना प्रविधिको प्रयोग विस्तार तथा समुदायको सहभागिता बढाउने लक्ष्य लिएको छ । यसका लागि अतिरिक्त कक्षा सञ्चालन, निदानात्मक शिक्षण, अभिभावक शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार सुधार र स्रोत परिचालनका कार्यक्रम प्रस्ताव गरिएका छन् । विद्यालय वि.सं. २०३४ सालमा स्थापना भई हाल प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म अध्ययन–अध्यापन सञ्चालन गरिरहेको छ । विद्यालयमा पर्याप्त खेल मैदान, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला लगायतका सुविधा उपलब्ध भए तापनि केही कक्षाकोठा मर्मत गर्नुपर्ने, विषयगत शिक्षकको अभाव तथा सिकाइ उपलब्धिमा अपेक्षित सुधार आवश्यक रहेको अवस्था विश्लेषणबाट देखिएको छ । योजनाले विद्यालयका मुख्य चुनौतीहरूका रूपमा

विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनु, कक्षा दोहोर्याउने तथा विद्यालय छोड्ने दर कायम रहनु, विषयगत शिक्षकको कमी, भौतिक पूर्वाधार सुधारको आवश्यकता तथा आन्तरिक आम्दानी सीमित रहनुलाई पहिचान गरेको छ । यी समस्याको समाधानका लागि अतिरिक्त कक्षा सञ्चालन, अभिभावक शिक्षा, निदानात्मक शिक्षण, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग तथा स्रोत परिचालनका कार्यक्रम प्रस्ताव गरिएको छ ।

यस योजनाको दूरदृष्टि “विद्यार्थीको अन्तर्निहित प्रतिभा र सर्वाङ्गीण पक्षको विकास” रहेको छ । प्रमुख उद्देश्यहरूमा सिकाइ उपलब्धि वृद्धि, सुरक्षित तथा हरित विद्यालय वातावरण निर्माण, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ, समुदाय तथा अभिभावकको सहभागिता अभिवृद्धि, स्वस्थ प्रतिस्पर्धात्मक बानीको विकास र अतिरिक्त क्रियाकलापमार्फत प्रतिभा प्रस्फुटन गराउनु रहेका छन् ।

**विषयसूची**


| विषयवस्तु | पेज नम्बर |
|---|---|
| १. विद्यालयको परिचय | 1 |
| १.१ ऐतिहासिक पृष्ठभूमि | 1 |
| १.२ भौगोलिक अवस्था | 4 |
| १.३ विद्यालय रहेको समुदायको बनोट | 5 |
| १.४ विद्यालय सेवा क्षेत्र | 5 |
| १.५ विद्यालयमा सञ्चालित कार्यक्रम | 6 |
| १.६ विद्यालय सेवा क्षेत्रको रैथाने ज्ञान, सिप, शैली | 7 |
| २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया | 8 |
| २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा | 8 |
| २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया | 9 |
| ३. विद्यालयको अवस्था विश्लेषण | 10 |
| ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण | 10 |
| ३.२ मुख्य समस्या र समाधानका उपाय | 24 |
| ४. योजना निर्माण | 26 |
| ४.१ विद्यालयको दूरदृष्टि | 26 |
| ४.२ उद्देश्य | 26 |
| ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण | 26 |
| ४.४ लक्ष्य निर्धारण | 27 |
| ४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण | 29 |
| ४.६ पाँच वर्षका लागि बजेट अनुमान | 31 |
| ५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना | 35 |
| ५.१ विस्तृत कार्यकलाप र बजेट | 35 |
| ५.२ वार्षिक कार्य तालिका | 35 |
| ५.३ अनुगमन योजना | 37 |
| ६. विपद् व्यवस्थापन | 40 |
| ७. सामाजिक सद्भाव | 44 |
| अनुसूचीहरू | |
| १. विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि | |
| २. विद्यालय सुधार योजना स्वीकृतिको निर्णय प्रतिलिपि | |
| ३. विद्यालय स्वःमूल्याङ्कन रुजुसूची | |

# १. विद्यालयको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

तत्कालीन बाइसी बिचवा गाउँ विकास समिति अन्तर्गत वडा नं. ८ र ९ (हाल पुनर्वास नगरपालिका वडा नं. ११) को बिचमा पर्ने गरी ६ विगाह जमिन क्षेत्रफलमा फैलिएको यो विद्यालय स्थानीय अभिभावक श्री सुरेन्द्र बहादुर थापा, श्री पहलमान तामाङ, श्री बल बहादुर तामाङ, श्री हर्क बहादुर खडका, श्री बामदेव घिमिरे, श्री गोमती सुनार, गोमादेवी पाठक लगायतका समाजसेवी, बुद्धिजीवी तथा शिक्षाप्रेमीको प्रस्ताव तथा अग्रसरतामा वि.सं. २०३४ साल माघ २३ गते अर्थात आजकै दिन कक्षा १ देखि ३ सम्म कक्षा सञ्चालन सुरु गरी पुनर्वास ग्रामीण आवास कम्पनीबाट वि.सं. २०३४।११।१० गते विद्यालय सञ्चालन अनुमति प्राप्त गर्दै सोही मितिमा तत्कालीन सुदूरपश्चिम क्षेत्रीय निर्देशनालय नेपालगञ्जबाट समेत विद्यालय सञ्चालन अनुमति प्राप्त गरी साविकको बाइसी बिचवा गा.वि.स. वडा नं. ८, अमरबस्ती, कञ्चनपुरमा श्री राष्ट्रिय प्राथमिक विद्यालय नामाकरण भई स्थापना भएको हो। यस विद्यालयमा वि.सं. २०३४ सालमा जम्मा ५९ जना विद्यार्थीहरू भर्ना भएका थिए। भर्ना भएका विद्यार्थीहरू मध्ये १६ जना छात्रा र ४३ जना छात्र रहेका थिए। विद्यालय स्थापनासँगै यस क्षेत्रको साक्षरता र चेतनाको स्तर वृद्धि गर्ने कार्यमा सहयोग पुर्याउन भूमिका निर्वाह गर्नु हुने आदरणीय संस्थापक ज्यूहरूप्रति विद्यालय परिवारको तर्फबाट धन्यवाद दिन चाहन्छु। विद्यालय स्थापना र विकासमा योगदान पुर्याउनु हुने अग्रजको नाम हामीबाट छुटेको पनि हुन सक्छ । योगदान दिनुहुने व्यक्तित्वका सम्बन्धमा जानकारी भएका कुनै पनि व्यक्तिले हामीलाई अवगत गराइदिनु हुनेछ भन्ने अपेक्षा समेत राखेका छौं। साथै यस विद्यालयको स्थापना र उन्नतिमा अहोरात्र खटिएर विशिष्ट योगदान पुर्याउनुभएका दिवङ्गत अग्रजप्रति हार्दिक श्रद्धान्जली व्यक्त गरिन्छ।

तत्कालीन अवस्थामा टहरोको रुपमा रहेको यो विद्यालय सबै अभिभावक, शिक्षक, विद्यालय प्रशासन, संस्थापकहरूको श्रमदान, परिश्रम, आर्थिक सहयोग (नगद र जिन्सी) र विद्यालयप्रतिको झुकावका कारण आज यो अवस्थासम्म आइपुगेको हो। यद्यपि अझै पनि धेरै काम गर्न बाँकी रहेकोले अभिभावक, बुद्धिजिवी, शिक्षक, विद्यार्थी लगायत सम्पूर्ण सरोकारवाला समक्ष सहयोगको अपेक्षा समेत गर्दछौँ।

**तालिका १ : कक्षा सञ्चालन गर्ने अनुमति**

| क्र.सं. | अनुमति प्राप्त वर्ष | अनुमति प्राप्त कक्षा |
|---|---|---|
| १. | २०३४/११/१० | कक्षा १-३ |
| २. | २०४०/१०/०६ | कक्षा ४ |
| ३. | २०४१/१२/१३ | कक्षा ५ |
| ४. | २०६२/०१/२९ | कक्षा ६ |
| ५. | २०६३/०१/२४ | कक्षा ७ |
| ६. | २०६४/०३/०६ | कक्षा ८ |

| | | |
|---|---|---|
| ७. | २०६६/०१/२९ | कक्षा ९ |
| ८. | वि.सं. २०६७ | कक्षा १० |

**तालिका २ : विद्यालयमा रहेको कक्षाकोठा विवरण**

| क्र.सं. | विवरण | उपयोग गरिएको कक्षाकोठा सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | कक्षा सञ्चालन | १६ | पक्की भवन ३ र कोठा सङ्ख्या :११<br>टिनको छानो भएका भवन ६ र कोठा सङ्ख्या : १३ |
| २. | शिक्षक स्टाफ कक्ष | १ | |
| ३. | प्रशासनिक कक्ष | १ | |
| ४. | विज्ञान प्रयोगशाला | १ | |
| ५. | कम्प्युटर प्रयोगशाला | १ | |
| ६. | पुस्तकालय | १ | |
| ७. | भण्डार कक्ष | १ | |
| ८. | वि.व्य.स. सचिवालय | १ | |
| ९. | भान्सा | १ | |
| **जम्मा** | **भवन सङ्ख्या : ९** | **कक्षाकोठा सङ्ख्या :२४** | |

यसप्रकार टिनको छाना भएका २ ओटा भवनका ४ कोठाहरूलाई मर्मत गर्नुपर्ने भएको हुँदा आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । जुन विद्यालयको आन्तरिक बजेटबाट सम्भव देखिदैन । जसका लागि नगरपालिका एवम् अन्य सहयोगी निकायको सहयोग अपरिहार्य रहेको छ।

**तालिका ३ : हालसम्मका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू(१७ जना) ६ जना दिवङ्गत**

| क्र.सं. | नामथर | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | **स्व.** श्री सुरेन्द्र बहादुर थापा | २०३४/१०/२३ | २०३४/१२/२२ | २ महिना |
| २. | **स्व.** श्री धर्मसिंह खड्का | २०३४/१२/२२ | २०३५/०१/२३ | १ महिना |
| ३. | **स्व.** श्री छविलाल भट्टराई | २०३५/०१/२४ | २०३७/०६/०८ | २ वर्ष ४ महिना |
| ४. | **स्व.** श्री रण बहादुर मल्ल | २०३७/०६/०९ | २०३८/०५/२८ | १ वर्ष |
| ५. | श्री तुलसीबहादुर कार्की (१) | २०३८/०५/२९ | २०४०/०८/२७ | २ वर्ष ३ महिना |
| ६. | **स्व.** श्री कमल अधिकारी | २०४०/०८/२८ | २०४४/११÷/९ | ४ वर्ष २ महिना |
| ७. | श्री प्रेम बहादुर बानियाँ | २०४४/११/१० | २०४७/०२/०९ | २ वर्ष ३ महिना |
| ८. | श्री प्रेम बहादुर थापा (१) | २०४९/०१/१० | २०५४/०८/१२ | ५ वर्ष ८ महिना |
| ९. | श्री टेक बहादुर बानियाँ | २०५४/०८/१९ | २०५६/११/२० | २ वर्ष ३ महिना |

| | | | | |
|---|---|---|---|---|
| १०. | श्री प्रेम बहादुर थापा (२) | २०५६/११/२२ | २०६१/०६/२७ | ४ वर्ष ६ महिना |
| ११. | **स्व.** श्री रामकुमार चौधरी | २०६१/०६/२८ | २०६३/०५/२८ | १ वर्ष ११ महिना |
| १२. | श्री सन्तबहादुर गोतामे | २०६३/०९/१२ | २०६७/०६/२८ | ३ वर्ष ९ महिना |
| १३. | श्री तुलसीबहादुर कार्की (२) | २०६७/११/१९ | २०७०/०१/१६ | २ वर्ष २ महिना |
| १४. | श्री ज्ञानेश्वर अर्याल | २०७१/०९/०७ | २०७३/०६/१३ | १ वर्ष ९ महिना |
| १५. | श्री कमल बहादुर भण्डारी | २०७३/०६/१४ | २०७७/१०/२२ | ४ वर्ष ४ महिना |
| १६. | श्री शेर बहादुर देउवा | २०७७/१०/२३ | २०८०/११/११ | ३ वर्ष |
| १७. | श्री टेक बहादुर खड्का | २०८१/११/१२ | - | गठन वि.सं. २०८० चैत्र २८ |

**तालिका ४ : हालसम्मका शिक्षक–अभिभावक संघका अध्यक्षहरू (८ जना)**

| क्र.सं. | नाम, थर | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | श्री प्रेम बहादुर बानियाँ | २०६३/११/०३ | २०६७/११/०२ | ४ वर्ष |
| २. | श्री काशीराम बोहरा | २०६८/०५/०७ | २०७०/०५/०६ | २ वर्ष |
| ३. | **स्व .**श्री नर बहादुर खड्का | २०७१/११/०१ | २०७३/११/०१ | २ वर्ष |
| ४. | श्री मान बहादुर चौधरी | २०७३/११/०३ | २०७५/११/०२ | २ वर्ष |
| ५. | मनमाया सुनार | २०७५/११/०३ | २०७७/११/०३ | २ वर्ष |
| ६. | पदम बहादुर थापा | २०७७/११/१७ | २०७९/११/१६ | २ वर्ष |
| ७. | मेख बहादुर नागरी | २०७९/११/१७ | २०८१/११/१६ | २ वर्ष |
| ८. | भूपेन्द्र अधिकारी | २०८१/११/२० | हालसम्म | कार्यरत |

**तालिका ५ : यस विद्यालयमा हालसम्म कार्यरत रहनुभएका प्रधानाध्यापकहरू (१० जना)**

| क्र.सं. | नामथर | कार्यावधि | | जम्मा सेवा अवधि | सम्मानित |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | श्री बलीराम राय | २०३४/१०/२३ | २०३४/११/०७ | १४ दिन | वि.सं. २०७३ |
| २. | श्री जनार्दन पन्त | २०३४/११/०७ | २०३८/१२/१० | ४ वर्ष १ महिना २७ दिन | वि.सं. २०७२ |
| ३. | श्री दिलिपसिंह ढाट | २०३८/१२/१० | २०४०/०८/२८ | १ वर्ष ८ महिना १८ दिन | |
| ४. | श्री खडक बहादुर मल्ल | २०४०/०८/२८ | २०४०/११/१७ | २ महिना १९ दिन | वि.सं. २०७४ |
| ५. | श्री भुवनेश्वर ओझा | २०४०/११/१८ | २०४२/०२/०४ | १ वर्ष २ महिना १६ दिन | वि.सं. २०७५ |
| ६. | श्री मुक्तिनाथ जोशी | २०४२/०२/०४ | २०४६/१२/१० | ४ वर्ष १० महिना ६ दिन | वि.सं. २०८२ |
| ७. | श्री रामप्रसाद चौधरी | २०४६/१२/१० | २०४७/०२/०८ | १ महिना २८ दिन | वि.स. २०७८ |
| ८. | श्री खेमानन्द गौतम | २०४७/०२/०८ | २०५१/०९/२९ | ४ वर्ष ७ महिना २१ दिन | |
| ९ | श्री रामप्रसाद पोखरेल | २०५१/०९/२९ | २०७२/०५/०१ | २० वर्ष ७ महिना २ दिन | |
| १०. | श्री नबराज पाण्डेय | २०७२/०५/०२ | हालसम्म | १० वर्ष ५ महिना २२ दिन | |

**तालिका ६ : हालको विद्यालय व्यवस्थापन समिति २०८२ (गठन मिति : २०८०।१२।२८)**

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १. | श्री टेक बहादुर खड्का | अध्यक्ष |
| २. | श्री कमल बहादुर भण्डारी | सदस्य |
| ३. | निर्मलादेवी सिंह | सदस्य |
| ४. | तुलसी सुनार | सदस्य |
| ५. | श्री तुलसी अर्याल | सदस्य |
| ६. | भोजराज चौधरी | सदस्य |
| ७. | नारायणी ढकाल | सदस्य |
| ८. | श्री दुर्गा प्रसाद भट्टराई | सदस्य |
| ९. | श्री नबराज पाण्डेय | सदस्य–सचिव |

**तालिका ७ : शिक्षक–अभिभावक संघ २०८२ (गठन मिति : २०८१।११।२०)**

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १. | भूपेन्द्र अधिकारी | संयोजक |
| २. | निर्मला रोकाया | सदस्य |
| ३. | महेश्वरी सिंह | सदस्य |
| ४. | लेखनाथ शर्मा | सदस्य |
| ५. | लालमती खड्का | सदस्य |
| ६. | संगीता जोशी | सदस्य |
| ७. | कल्पना भुल | सदस्य |
| ८. | विष्णुप्रसाद न्यौपाने | सदस्य |
| ९. | टेक बहादुर खड्का | सदस्य |
| १०. | कुलप्रसाद गौतम | सदस्य |
| ११. | नबराज पाण्डेय | सदस्य–सचिव |

## १.२ भौगोलिक अवस्था

गरिमामय मातृभूमि नेपालको सुदूरपश्चिम प्रदेश अन्र्तगत कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका -११, अमरबस्तीमा यो विद्यालय अवस्थित छ । यस विद्यालयको पूर्वमा मोहना नदी (कैलाली जिल्लाको धनगढी नगरपालिका) पश्चिममा दोदा नदी ,उत्तरमा लालझाडी वन र दक्षिणमा छिमेकी मुलुक भारतको दुधुवा राष्ट्रिय निकुञ्जको बिचमा अवस्थित छ । कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरको सुदूरपूर्व दक्षिणमा अवस्थित यो विद्यालय सदरमुकामबाट झण्डै ६० किलोमिटर टाढा छ । भारतको दुधुवा नेस्नल पार्कबाट झण्डै २५० मिटर को दूरीमा मात्र अवस्थित यो विद्यालयसम्म आवतजावत गर्न पुनर्वास-बेलौरी हुलाकी सडक प्रयोग गर्न सकिन्छ ।

यस विद्यालयको छिमेकी सामुदायिक विद्यालयहरू श्री विजय माध्यमिक विद्यालय भीम-विकासवस्ती, श्री अलंकार आधारभूत विद्यालय र श्री पशुपति आधारभूत विद्यालय हुन् भने निजी तर्फ श्री दुर्गा बाल विद्या मन्दिर, श्री आदर्श इ. बोडिङ, श्री पपुलर इ. बोडिङ, कञ्चन पव्लिक बोर्डिङ्ग स्कूल र श्री पशुपति शिक्षा मन्दिर रहेका छन् ।

### १.३ विद्यालय रहेको समुदायको बनोट

यस विद्यालयको सेवा क्षेत्र भित्र बसोबास गर्ने समुदाय खास गरी देशका विभिन्न ठाउँबाट बसाइ सरी आएका छन् । त्यसैगरी यहाँका आदिवासीका रुपमा चिनिने राना थारु र चौधरी थारुको वस्ती पनि रहेको छ । अनेकतामा एकतालाई प्रतिविम्वित गर्दै विविध जातजाति, भाषाभाषी तथा धर्मका मानिसहरू यस समुदायमा बसोबास गर्दछन् । यस विद्यालयका सेवा क्षेत्रमा राना, चौधरी, ब्राह्मण, क्षेत्री, ठकुरी, दलित, तामाङ, गुरुङ, नेवार आदिका साथै अन्य मानिसको पनि वस्ती रहेको देखिन्छ ।

घरधुरी गणना, २०७५ अनुसार यो विद्यालय रहेको वडा क्षेत्रभित्र जम्मा ११६२ घरधुरी रहेका छन् । साथै १५ देखि ६० बर्ष उमेर समूहको जम्मा जनसंख्या ५,८९४ रहेको छ । जसमा पुरुष २,५५४ र महिला २,९४० रहेका छन् । १५ देखि ६० बर्ष उमेर समूहको निरक्षर जनसंख्या ७०५ रहेको छ । जसमध्ये पुरुष १७७ जना र महिला ५२८ जना रहेका छन् । यस तथ्यांकको विश्लेषण गर्दा पुरुष निरक्षर ५.९९ प्रतिशत र महिला निरक्षरता १७.९६ प्रतिशत रहेको छ । साथै यस वडामा ३,३२० महिला र ३,३५० पुरुषहरूको संख्या गरी जम्मा ६,६७० जनसंख्या रहेको छ । यहाँका अधिकांश मानिसहरू हिन्दु धर्मालम्वी रहेका छन् भने बौद्ध र इसाइ धर्मालम्वी पनि बसोवास गर्दछन् । यहाँका मुख्य चाडपर्वहरू दशै, तिहार, तीज, माघी, गौरा, बुद्ध जयन्ती, ल्होसार, क्रिmसमस, होली लगायत रहेका छन् ।

यस विद्यालयको सेवा क्षेत्र भित्रका अधिकांश मानिसहरू रोजगारीका लागि भारत लगायतका अन्य मुलुकमा जाने गर्दछन् । सामान्य जीविकोपार्जनका लागि ज्याला मजदुरी गर्न छिमेकी जिल्ला कैलालीको धनगढी जाने गर्दछन् । यसका साथै कतिपय मानिसहरूले आफ्नो दैनिक जीवन निर्वाह गर्नका लागि दाउरा समेत बेच्नु पर्ने बाध्यता रहेको छ । यस विद्यालयको सेवाक्षेत्रमा प्रयोग हुने मुख्य भाषा नेपाली नै हो । यसका साथै राना थारु, चौधरी थारु, तामाङ, गुरुङ, डोटेली आदि भाषा बोल्ने मानिसहरूको बसोवास रहेको छ भने आर्थिक रुपमा यस क्षेत्रका जनता अधिकतम् विपन्न नै रहेका छन् ।

### १.४ विद्यालय सेवा क्षेत्र

पुर्नवास नगरपालिकाको वडा नं. ११ मा रहेको यस विद्यालयको सेवा क्षेत्रका रुपमा अमरबस्ती, भीमबस्तीको आधा भाग रहेको र यस क्षेत्रका विद्यार्थीहरू यस विद्यालयबाट शिक्षा लिइरहेका छन् । यस विद्यालयमा भौतिक पूर्वाधारको विकास सन्तोषजनक रहेको छ । बालमैत्री कक्षाकोठा रहेको, पुस्तकालय उपलब्ध रहेको, विज्ञान प्रयोगशाला समेत रहेको, प्रशस्त फराकिलो खेल मैदान रहेको, तीनओटा शौचालय रहेको, शुद्ध खानेपानीको समेत व्यवस्था रहेको र फर्निचर पनि विद्यार्थी सङ्ख्याअनुसार उपलब्ध रहेको छ । यसैगरी शिक्षक पेसागत विकासका कार्यक्रम पनि सञ्चालनमा रहेका छन् । विद्यालयका प्रधानाध्यापकले शिक्षकलाई पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण गर्ने गरेको, विद्यार्थीको सिकाइप्रति शिक्षक उत्तरदायी रहेको र शिक्षक-कर्मचारीको व्यवस्थापन पनि शिक्षा ऐन र नियमावली बमोजिम रहेको छ । यस विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू

गरिएको छ। साथै आन्तरिक मूल्याङ्कन सम्बन्धी मापदण्डको पूर्ण पालना गरिएको छ। हाल गतिशील दस्ताबेजको रूपमा कार्यान्वयनमा रहेको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिमको पाठ्यघण्टा र कार्यघण्टाको पूर्ण पालना गरिएको छ। यस विद्यालयमा बालबालिकाको वैयक्तिक आवश्यकतालाई ध्यान दिइ अध्यापन कार्य गर्ने गरिएको छ। कुनै किसिमको लैङ्गिक विभेद हुने गरेको छैन। अपाङ्गता भएका बालबालिकाको पूर्ण सम्मान समेत हुने गरेको छ। विद्यालयमा कुनै अवरोध बिना सिकाइ कार्य हुने गरेको छ । बिषयगत शिक्षकले पाठ्यक्रम र विद्यार्थीको आवश्यकतालाई मध्यनजर गर्दै सिकाइ सामग्री व्यवस्थापन गर्ने गरेका छन्। सिकाइ आपूरण र द्रुत सिकाइका लागि निदानात्मक मूल्याङ्कन समेत हुँदै आएको छ। विषयवस्तुको प्रकृतिअनुसार सूचनाप्रविधिको समेत प्रयोग हुँदै आएको छ। यसरी गुणस्तरीय शिक्षण सिकाइ व्यवस्थापनका लागि विविध कार्य हुँदै आएका छन्।

जलवायु परिवर्तन, हरित विद्यालय, विद्यालय सुरक्षा, विपद व्यवस्थापन र सिकाइ निरन्तरता, जलवायु उत्थानशील भौतिक संरचना र शिक्षा, हरियाली विद्यालय वातावरण, सुरक्षित स्थान र गुणस्तरयुक्त निर्माण सामग्री, व्यवहार परिवर्तन, विपत् व्यवस्थापन सचेतना, कृत्रिम अभ्यास, प्रतिकार्य योजना, सिकाइ निरन्तरताका सम्बन्धमा सुरक्षा निकायका सुरक्षाकर्मी, इको क्लब र संघसंस्थाले विविध कार्यक्रम गर्दै आएका छन्। विद्यालय सुशासन र व्यवस्थापनका सन्दर्भमा विद्यालयका हरेक तथ्याङ्क अद्यावधिक हुने गरेको, नियमानुसारको वि.व्य.स. र शि.अ.सं. समिति गठन भएको, बैठक सञ्चालन पनि नियमानुसार हुने गरेको, निर्णय प्रक्रिया सहभागितामूलक हुने गरेको, गुनासो सुनुवाइ व्यवस्थापनका लागि लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको, गुनासो सम्बन्धी कार्यान्वयन समयमै हुने गरेको, आर्थिक पारदर्शिता कायम हुने गरेको, हरेक बर्ष सामाजिक परीक्षण र लेखा परीक्षण हुने गरेको साथै समुदायसँगको सम्बन्ध पनि प्रगाढ रहेको छ।

विद्यार्थी सहयोग कार्यक्रमका रूपमा विद्यार्थी स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्री, परामर्श सेवा, अभिभावकबाट स्थापना भएका अक्षयकोष, थप सहयोग उपलब्ध गराउनुपर्ने वर्गको पहिचान र सहयोगका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। योजना कार्यान्वयन गर्नका लागि जिम्मेवारी बाँडफाँट, जिम्मेवारी अनुसारको क्षमता विकास, कार्यान्वयन सुनिश्चतताका लागि अनुगमन निरीक्षण पनि स्थानीय तहबाट बेला-बेला भइरहेको छ।

## १.५ विद्यालयमा सञ्चालित कार्यक्रम

श्री राष्ट्रिय माध्यमिक विद्यालयमा प्रारम्भिक बालविकास (ECD) देखि कक्षा १० सम्मको औपचारिक शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकका आधारमा नियमित शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आएको छ । विद्यार्थीहरूको शैक्षिक, शारीरिक, सामाजिक तथा सिर्जनात्मक विकासका लागि विभिन्न अतिरिक्त तथा सह–पाठ्यक्रम गतिविधिहरू समेत सञ्चालन गरिन्छ।

विद्यालयमा दिवा खाजा कार्यक्रम, छात्रवृत्ति वितरण, निःशुल्क पाठ्यपुस्तक वितरण, स्वास्थ्य तथा सरसफाइ सचेतना कार्यक्रम, विद्यार्थी परामर्श सेवा, खेलकुद तथा सांस्कृतिक कार्यक्रम, बालक्लब, इकोक्लब तथा जुनियर रेडक्रस सर्कलका गतिविधिहरू नियमित रूपमा सञ्चालन गरिँदै आएका छन् । यसका साथै राष्ट्रपति रनिङ शिल्ड, हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध लेखन, चित्रकला, विज्ञान प्रदर्शनी तथा विभिन्न शैक्षिक प्रतियोगिताहरूमा विद्यार्थीहरूको सहभागिता गराउँदै आएको छ।

विद्यालयले सिकाइ उपलब्धि अभिवृद्धिका लागि अतिरिक्त कक्षा, निदानात्मक तथा उपचारात्मक शिक्षण, पठन संस्कृतिको विकास, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, शैक्षिक भ्रमण तथा विषयगत परियोजना कार्यहरू सञ्चालन गर्दै आएको छ । साथै विद्यालयमा वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, वृक्षारोपण, विद्यालय सरसफाइ तथा हरित विद्यालय प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू पनि सञ्चालन गरिन्छन् ।

यसका अतिरिक्त अभिभावक शिक्षा, समुदायसँगको सहकार्य, विद्यालय सुधार योजना कार्यान्वयन, शिक्षक क्षमता विकास, सामाजिक परीक्षण, लेखा परीक्षण तथा सुशासनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी विद्यालयको समग्र गुणस्तर सुधारमा जोड दिइएको छ । विद्यालयले विद्यार्थीको सर्वाङ्गीण विकास, जीवनोपयोगी सिपको विकास तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विभिन्न शैक्षिक तथा सह-शैक्षिक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएको छ ।

## १.६ विद्यालय सेवा क्षेत्रमा भएको रैथाने ज्ञान, सिप, शैली

यस विद्यालयमा अध्ययन गर्न आउने बालबालिका रहेको समुदायमा विशिष्ट प्रकारको ज्ञान, सिप र शैली समेत रहेका छन् । जस्तै : दुना टपरी बुन्ने, फलामका घरेलु हतियार निर्माण गर्ने, आफ्नै खेतबारीमा साग तरकारी उत्पादन गर्ने, गाई भैंसी पालन गरी दुधका विविध परिकार बनाउने, ज्योतिषी र वैद्यको कार्य गर्ने, माछा मार्ने, घिउ बनाउने आदि । यस विद्यालयको सेवा क्षेत्रमा विभिन्न जातजाति, भाषा तथा संस्कृतिका समुदायहरूको बसोबास रहेको छ । यहाँका स्थानीय समुदायमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका रैथाने ज्ञान, सीप तथा जीवनशैली विद्यमान रहेका छन् । कृषि तथा पशुपालन यस क्षेत्रका अधिकांश परिवारको मुख्य पेशा भएकाले धान, गहुँ, मकै, दलहन तथा तरकारी खेती सम्बन्धी परम्परागत ज्ञान र सीीप प्रशस्त मात्रामा पाइन्छ । त्यसैगरी गाई, भैंसी, बाख्रा तथा कुखुरा पालन, दुग्धजन्य पदार्थ उत्पादन तथा संरक्षण गर्ने सीप पनि स्थानीय समुदायमा रहेको छ ।

थारु तथा अन्य समुदायमा दुना–टपरी बनाउने, बाँस तथा काठबाट घरेलु सामग्री निर्माण गर्ने, माछा मार्ने, जाल बुन्ने, स्थानीय परिकार तयार गर्ने तथा लोककला र लोकसंस्कृतिसँग सम्बन्धित ज्ञान र सीपहरू प्रचलनमा रहेका छन् । यस क्षेत्रमा परम्परागत उपचार पद्धति, जडीबुटीको प्रयोग, ज्योतिष तथा वैद्यकसम्बन्धी ज्ञान भएका व्यक्तिहरू पनि रहेका छन् । स्थानीय समुदायमा श्रम, सहयोग, आपसी सद्भाव तथा सामूहिक कार्य संस्कृतिको विकास भएको छ । गौरा, माघी, दशैँ, तिहार, ल्होसार, होली लगायतका पर्वहरू सामूहिक रूपमा मनाउने परम्पराले सामाजिक एकता र सांस्कृतिक विविधतालाई संरक्षण गरेको छ । यस्ता रैथाने ज्ञान, सीीप र संस्कृतिलाई विद्यालयको शिक्षण–सिकाइ प्रक्रियासँग जोड्दै विद्यार्थीहरूमा स्थानीय पहिचान, संस्कृति संरक्षण तथा जीवनोपयोगी सीप विकास गर्ने प्रयास गरिनेछ ।

# २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया

## २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

श्री राष्ट्रिय माध्यमिक विद्यालयले शैक्षिक सत्र २०७८–२०८२ सम्मको विद्यालय सुधार योजना कार्यान्वयन गरेको थियो। उक्त योजनाको कार्यान्वयनबाट विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय क्षेत्रमा सकारात्मक सुधार भएको पाइयो। योजनामा समावेश अधिकांश कार्यक्रमहरू उपलब्ध स्रोत र साधनको आधारमा कार्यान्वयन गरिएका थिए।

**उपलब्धिहरू**

- विद्यालयमा भौतिक पूर्वाधारको विस्तार तथा मर्मत सम्भार कार्य सम्पन्न भएको।
- विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालय तथा खेल मैदानको व्यवस्थापनमा सुधार भएको।
- विद्यार्थीहरूको नियमितता र सिकाइ उपलब्धिमा क्रमिक सुधार आएको।
- अतिरिक्त कक्षा, निदानात्मक शिक्षण तथा सह–पाठ्यक्रम गतिविधिहरू सञ्चालन भएको।
- विद्यालय र समुदायबिचको सम्बन्ध तथा अभिभावकको सहभागिता बढेको।
- विद्यालयमा सूचना प्रविधिको प्रयोग तथा ई–हाजिरी प्रणाली लागू भएको।
- राष्ट्रपति रनिङ शिल्ड लगायत विभिन्न प्रतियोगितामा विद्यालयले उल्लेखनीय सफलता हासिल गरेको।

**चुनौती तथा सुधार गर्नुपर्ने पक्ष**

- केही कक्षामा सिकाइ उपलब्धि अपेक्षाअनुसार वृद्धि हुन नसकेको।
- विषयगत शिक्षकको अभाव कायमै रहेको।
- विद्यार्थी दोहोर्याउने तथा विद्यालय छोड्ने दर पूर्ण रूपमा नियन्त्रण हुन नसकेको।
- निजी स्रोतमा कार्यरत शिक्षकहरूको तलब व्यवस्थापन चुनौतीपूर्ण रहेको।
- केही भवन तथा कक्षाकोठा मर्मत गर्न आवश्यक रहेको।
- विद्यालयको आन्तरिक आय पर्याप्त नभएकाले स्रोत व्यवस्थापनमा कठिनाइ भएको।

**सिकाइ**

- समुदाय र अभिभावकको सक्रिय सहभागिताले योजना कार्यान्वयन प्रभावकारी हुने।
- शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिबिच समन्वय भएमा शैक्षिक सुधार सहज हुने।
- योजना निर्माण गर्दा यथार्थपरक लक्ष्य र उपलब्ध स्रोतको आधारमा कार्यक्रम छनोट गर्नुपर्ने।
- शैक्षिक गुणस्तर सुधारका लागि नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण आवश्यक हुने।
- विद्यालयको दीगो विकासका लागि आन्तरिक तथा बाह्य स्रोत परिचालनमा विशेष ध्यान दिनुपर्ने।

यस समीक्षाबाट प्राप्त अनुभव, उपलब्धि र सिकाइलाई आधार बनाई विद्यालयले २०८३–२०८७ को नयाँ विद्यालय सुधार योजना निर्माण गरेको छ।

## २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

विद्यालय सुधार योजना निर्माण गर्दा सरोकारवालाहरूको सहभागिता, विद्यालयको वास्तविक अवस्था तथा आवश्यकता विश्लेषणलाई आधार बनाइएको छ। योजना निर्माणका क्रममा विद्यालयले निम्न चरणहरू अवलम्बन गरेको थियोः

१. विद्यालय व्यवस्थापन समितिको निर्णयबाट विद्यालय सुधार योजना निर्माण कार्यटोली गठन गरियो।

२. विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय अवस्थासम्बन्धी तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरियो।

३. अघिल्लो विद्यालय सुधार योजनाको उपलब्धि, चुनौती तथा सिकाइहरूको समीक्षा गरियो।

४. शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा अन्य सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया र सुझाव सङ्कलन गरियो।

५. विद्यालयको आवश्यकता पहिचान गरी प्राथमिकता निर्धारण गरियो।

६. विद्यालयको दूरदृष्टि, उद्देश्य, लक्ष्य, कार्यनीति तथा कार्ययोजनाको मस्यौदा तयार गरियो।

७. तयार गरिएको मस्यौदामाथि शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा स्थानीय सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरी आवश्यक परिमार्जन गरियो।

८. पाँच वर्षका लागि कार्यकलाप, बजेट तथा स्रोत व्यवस्थापनको योजना तयार गरियो।

९. विद्यालय व्यवस्थापन समितिको बैठकबाट विद्यालय सुधार योजना स्वीकृत गरियो।

१०. स्वीकृत विद्यालय सुधार योजना शैक्षिक सत्र २०८३ देखि २०८७ सम्म कार्यान्वयन गर्ने गरी अन्तिम रूप दिइयो।

यसरी विद्यालयको वास्तविक आवश्यकता, उपलब्ध स्रोत–साधन तथा सरोकारवालाहरूको सहभागितालाई आधार मानी विद्यालय सुधार योजना निर्माण गरिएको हो।

# ३. विद्यालयको अवस्था विश्लेषण

## ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

श्री राष्ट्रिय माध्यमिक विद्यालय, पुनर्वास–११, अमरबस्ती, कञ्चनपुरको वर्तमान अवस्थाको विश्लेषण गर्दा विद्यालयले शैक्षिक, भौतिक तथा व्यवस्थापकीय क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ । विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म अध्ययन–अध्यापन सञ्चालन भइरहेको छ । विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खेल मैदान, खानेपानी तथा शौचालय लगायतका आधारभूत सुविधाहरू उपलब्ध रहेका छन् ।

शैक्षिक सत्र २०८२ मा कक्षा १–५ मा १६८, कक्षा ६–८ मा १७१ तथा कक्षा ९–१० मा १७७ विद्यार्थी अध्ययनरत रहेका थिए । कक्षोन्नति दर प्राथमिक तहमा ८८.६९ प्रतिशत, आधारभूत तहमा ७४.२६ प्रतिशत तथा माध्यमिक तहमा ७८.३० प्रतिशत रहेको छ । विद्यालयको समग्र सिकाइ उपलब्धि २.४३ रहेकोले सिकाइ उपलब्धिमा थप सुधार आवश्यक देखिन्छ । विशेष गरी गणित, अङ्ग्रेजी तथा विज्ञान विषयमा विद्यार्थीहरूको उपलब्धि अपेक्षाकृत न्यून रहेको छ । विद्यालयमा २० जना शिक्षक तथा कर्मचारी कार्यरत रहेका छन् । तथापि विषयगत शिक्षकको अभावका कारण केही शिक्षकहरूले आफ्नो विषयभन्दा बाहिरका विषयहरू पनि अध्यापन गरिरहेका छन् । शिक्षकहरूको उपस्थिति सन्तोषजनक भए तापनि शिक्षक–विद्यार्थी अनुपात अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

भौतिक पूर्वाधारको दृष्टिले विद्यालयमा ९ वटा भवन र २४ वटा कक्षाकोठा रहेका छन् । अधिकांश संरचना उपयोगी अवस्थामा भए तापनि केही पुराना कक्षाकोठा मर्मत गर्नुपर्ने अवस्था रहेको छ । कक्षाकोठाभित्र पङ्खा, विद्युत् तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापनमा थप सुधार आवश्यक छ । व्यवस्थापकीय पक्षमा विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक सङ्घ, बालक्लब, इकोक्लब तथा जुनियर रेडक्रस सर्कल सक्रिय रहेका छन् । नियमित बैठक, सामाजिक परीक्षण, लेखापरीक्षण तथा अभिभावक भेला सञ्चालन हुँदै आएका छन् । विद्यालयमा सुशासन, पारदर्शिता तथा समुदायको सहभागिता सन्तोषजनक रहेको छ ।

समग्र रूपमा विद्यालयको अवस्था सन्तोषजनक भए तापनि सिकाइ उपलब्धि वृद्धि, विषयगत शिक्षकको व्यवस्थापन, विद्यार्थी टिकाउ दर सुधार, भौतिक पूर्वाधार सुदृढीकरण तथा आन्तरिक स्रोत परिचालनका क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । यही अवस्थालाई आधार मानी आगामी पाँच वर्षका लागि विद्यालय सुधार योजना तयार गरिएको छ ।

### ३.१.१ कक्षागत विद्यार्थी विवरण २०८३

कक्षा प्रारम्भिक बालविकासदेखि १० सम्म सञ्चालित यस विद्यालयको चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका ८ : कक्षागत विद्यार्थी विवरण २०८३**

| क्र.सं. | विवरण | छात्रा | छात्र | जम्मा | दलित | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास | ५ | ३ | ८ | ३ | ० |
| २. | कक्षा १ | ७ | १० | १७ | १० | १ |
| ३. | कक्षा २ | १४ | १० | २४ | ७ | ० |
| ४. | कक्षा ३ | १४ | ६ | २० | ९ | ० |
| ५. | कक्षा ४ | १३ | १४ | २७ | १४ | २ |
| ६. | कक्षा ५ | ३४ | १९ | ५३ | २४ | ० |
| | **कक्षा १–५ जम्मा (बालविकास समेत)** | **८७** | **६२** | **१४९** | **६७** | **३** |
| ७. | कक्षा ६ | २० | २६ | ४६ | २० | ० |
| ८. | कक्षा ७ | ३० | १९ | ४९ | १९ | ० |
| ९. | कक्षा ८ | २३ | २५ | ४८ | १६ | ० |
| | **कक्षा ६–८ जम्मा** | **७३** | **७०** | **१४३** | **५५** | **०** |
| १०. | कक्षा ९ | ५० | ४८ | ९८ | २४ | ० |
| ११. | कक्षा १० | ४८ | ३४ | ८२ | २५ | २ |
| **कक्षा ९–१० जम्मा** | | **९८** | **८२** | **१८०** | **४९** | **२** |
| **बालविकासदेखि कक्षा १० सम्म कुल जम्मा** | | **२५८** | **२१४** | **४७२** | **१७१** | **५** |

### ३.१.२ आन्तरिक सक्षमताको अवस्था ( शैक्षिकसत्र २०८२)

**तालिका ९ : आन्तरिक सक्षमताको अवस्था**

| कक्षा | शै.स. २०८२ मा भर्ना हुने जम्मा विद्यार्थी सङ्ख्या | कक्षोन्नति हुने सङ्ख्या | कक्षा दोहोर्याउने सङ्ख्या | कक्षा छाड्ने र स्थानान्तरण हुने सङ्ख्या | कक्षोन्नति हुने दर (%) | दोहोर्याउने दर (%) | कक्षा छाड्ने र स्थानान्तरण दर (%) |
|---|---|---|---|---|---|---|---|
| बाल विकास | १७ | १७ | ० | ० | १०० | ० | ० |
| कक्षा १ | २२ | २२ | ० | ० | १०० | ० | ० |
| कक्षा २ | १५ | १४ | ० | १ | ९२.८६ | ० | ७.१४ |
| कक्षा ३ | २१ | १९ | १ | १ | ९०.४७ | ४.७६ | ४.७६ |
| कक्षा ४ | ५४ | ४७ | ६ | १ | ८७.०३ | ११.११ | १.८५ |
| कक्षा ५ | ३९ | ३० | ६ | ३ | ८३.३३ | १५.३८ | ७.६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कक्षा १–५** | **१६८** | १४९ | १३ | ६ | ८८.६९ | ७.७३ | ३.५७ |
| कक्षा ६ | ५३ | ४२ | ७ | ४ | ७९.२४ | १३.२० | ७.५४ |
| कक्षा ७ | ४२ | ३५ | ७ | ० | ८३.३३ | १६.६६ | ० |
| कक्षा ८ | ७६ | ५० | १८ | ८ | ६५.७८ | २३.६८ | १०.५२ |
| **कक्षा ६–८** | **१७१** | १२७ | ३२ | १२ | ७४.२६ | १८.७१ | ७.०१ |
| कक्षा ९ | १०६ | ८३ | ११ | १२ | ७८.३० | १०.३७ | १४.४५ |
| कक्षा १० | ७१ | - | - | ५ | - | - | ७.०४ |
| **कक्षा ९–१०** | **१७७** | | | | | | |

यस विद्यालयमा शैक्षिक सत्र २०८२ मा कक्षा १-५ सम्म जम्मा १६९ विद्यार्थी भर्ना भएकोमा १४९ जना उत्तीर्ण भएका छन्। १३ जनाले कक्षा दोहोऱ्याएका छन्। ६ जनाले कक्षा छोडेका छन्। यसैगरी कक्षा ६-८ सम्म जम्मा १७१ विद्यार्थी भर्ना भएकोमा १२७ जना उत्तीर्ण भएका छन्। ३२ जनाले कक्षा दोहोऱ्याएका छन्। १२ जनाले कक्षा छोडेका छन्। यसैगरी कक्षा ९ मा जम्मा १०६ विद्यार्थी भर्ना भएकोमा ८३ जना उत्तीर्ण भएका छन्। ११ जनाले कक्षा दोहोऱ्याएका छन्। १२ जनाले कक्षा छोडेका छन्। अत: विद्यालयको सक्षमताको अवस्था सन्तोषजनक मात्रै रहेको देखिन्छ।

### ३.१.३ विद्यालयको सिकाइ उपलब्धिको अवस्था : (शै.स. २०८२)

**तालिका १० : विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरण २०८२**

(क) कक्षा १–३ को सिकाइ उपलब्धि २०८२

| कक्षा | नेपाली | अंग्रेजी | गणित | हाम्रो सेरोफेरो | हाम्रो पुनर्वास | कक्षागत |
|---|---|---|---|---|---|---|
| १ | ३.०० | ३.२१ | ३.०५ | ३.३४ | ३.४८ | **३.२१** |
| २ | ३.३५ | ३.०९ | ३.२९ | ३.६० | ३.४० | **३.३४** |
| ३ | ३.१० | २.८७ | २.९५ | २.९८ | ३.१४ | **३.००** |
| समग्र सिकाइ उपलब्धि = ३.१८ | | | | | | |

(ख) कक्षा ४–५ को सिकाइ उपलब्धि २०८२

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | हाम्रो पुनर्वास | कक्षागत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २.३० | २.१९ | २.१३ | २.२३ | २.१९ | २.२० | २.२२ | **२.२०** |
| ५ | २.०५ | १.९९ | २.०६ | २.१३ | २.०४ | २.२७ | २.३० | **२.१२** |
| समग्र सिकाइ उपलब्धि = २.१६ | | | | | | | | |

(ग) कक्षा ६–८ को सिकाइ उपलब्धि २०८२

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | हाम्रो पुनर्वास | कक्षागत |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २.०७ | १.९० | २.०० | २.०९ | २.४१ | २.१८ | २.२० | **२.१२** |
| ७ | २.२५ | २.१४ | १.८९ | २.२० | २.२५ | २.१९ | २.३७ | **२.१८** |
| ८ | २.३५ | २.५७ | २.३४ | २.४१ | २.२९ | २.५० | ३.१२ | **२.५१** |
| समग्र सिकाइ उपलब्धि = २.२७ | | | | | | | | |

(घ) कक्षा ९–१० को सिकाइ उपलब्धि २०८२

| कक्षा | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | ऐ. प्रथम | ऐ. द्वितीय | कक्षागत |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २.०३ | १.७८ | १.६३ | १.६४ | १.९३ | १.७० | २.१५ | **१.८३** |
| १० | १.९६ | १.९९ | १.२५ | १.८९ | २.२२ | १.६४ | १.८५ | **१.८२** |
| समग्र सिकाइ उपलब्धि = **२.१४** | | | | | | | | |

उल्लिखित सिकाइ उपलब्धिमा आन्तरिक मूल्याङ्कन तर्फका अङ्कलाई समावेश गरिएको छैन।

**विद्यालयको समग्र सिकाइ उपलब्धि : २.४३**

माथिल्लो तथ्याङ्कलाई हेर्दा यस विद्यालयको शैक्षिक उपलब्धि उत्कृष्ट नरहेता पनि शैक्षिक स्तरका आधारमा सन्तोषप्रद नै रहेको मान्न सकिन्छ। यसप्रकार यस विद्यालयमा दैनिक ७ पिरियड अध्यापन हुने गरेको, पाठ्यघण्टामा आधारित समयसारिणी बमोजिम पठनपाठन सञ्चालन भैरहेको, बालबालिकाहरूका लागि बालमैत्री वातावरण उपलब्ध गराइएको, समयको पालनामा जोड दिईएको, अनुशासनलाई प्राथमिकता दिईएको, कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आबद्ध गरिएको, सूचना र प्रविधिमा आधारित सिकाइमा जोड दिने कार्यको थालनी गरिएको, बेला बेलामा पाठ्यवस्तुको प्रकृति बमोजिम कक्षाकोठा भित्रै विद्यार्थीहरूबिच आन्तरिक प्रतियोगिता सञ्चालन भैरहेको, मध्यान्तरका समयमा विद्यार्थीहरूलाई खेल सामग्री उपलब्ध गराउने गरिएको लगायतका गतिविधिहरू भैरहेका छन्।

### ३.१.४ विद्यालयमा रहेको तहगत र विषयगत शिक्षक विवरण :

**तालिका ११ : विद्यालयको शिक्षक विवरण**

| तह | स्वीकृत दरबन्दी | शिक्षक संख्या | बिषयगत शिक्षक | कैफियत |
|---|---|---|---|---|
| बाल विकास | – | ३ (अनुदान) | – | विद्यालयमा आधारित: १<br>समुदायमा आधारित: २<br>(हाल सबै विद्यालयमा कार्यरत महिला सहजकर्ता) |
| आधारभूत तह (कक्षा १–५) | ६ | १ (नगर अनुदान) | अंग्रेजी, गणित, नेपाली, सेरोफेरो, सामाजिक, विज्ञान, स्वास्थ्य, हाम्रो पुनर्वास | ७ जना शिक्षक, महिला: ४<br>स्वीकृत दरबन्दी: ६ |
| आधारभूत तह (कक्षा ६–८) | ० | ३ (राहत अनुदान)<br>१ (नगर अनुदान)<br>१ (निजी स्रोत) | **राहत अनुदान**: अङ्ग्रेजी, गणित र नेपाली<br>**नगर अनुदान:** अङ्ग्रेजी<br>**निजी**: सामाजिक अध्ययन<br>विज्ञान, स्वास्थ्य र हाम्रो पुनर्वास: ० | विज्ञान, स्वास्थ्य र हाम्रो पुनर्वास विषयका विषयगत शिक्षकको अभाव रहेको (२ जना महिला र ३ जना पुरुष शिक्षक कार्यरत रहेको) |
| माध्यमिक तह (कक्षा ९–१०) | १ | १ (स्वीकृत दरबन्दी)<br>२ (संघीय अनुदान) | सामाजिक: १ (स्वीकृत)<br>गणित: १ (अनुदान)<br>विज्ञान: १ (अनुदान) | माध्यमिक तहमा अङ्ग्रेजी, नेपाली, ऐच्छिक प्रथम र द्वितीय विषयका विषयगत शिक्षकको अभाव रहेको हुँदा आधारभूत तहमा कार्यरत शिक्षकले शिक्षण गर्दै आउनुभएको। |

### ३.१.५ विद्यालय सञ्चालन अवस्था

**तालिका १२ : विद्यालय सञ्चालन अवस्था**

| क्र.सं. | विवरण | वार्षिक औसत (दिन) |
|---|---|---|
| १. | प्रारम्भिक बालविकासका विद्यार्थीको औसत उपस्थिति | १४४.२९ |
| २. | कक्षा १–५ का विद्यार्थीको औसत उपस्थिति | १४५.७६ |
| ३. | कक्षा ६–८ का विद्यार्थीको औसत उपस्थिति | १४५.६० |
| ४. | कक्षा ९–१० का विद्यार्थीको औसत उपस्थिति | १२७.३९ |
| ५. | विद्यालय खुलेको दिन | २०० |
| ६. | पठनपाठन भएको दिन | १८३ |
| ७. | परीक्षा सञ्चालन भएको दिन | २१ |
| ८. | शिक्षकहरूको औसत उपस्थिति | १८३.३० |

**बार्षिक औसत उपस्थिति दिन (शैक्षिकसत्र २०८२)**

| कक्षा | औसत उपस्थिति (दिन) |
|---|---|
| प्रारम्भिक बाल विकास | १४४.२९ |
| १ | १३६.५ |
| २ | १५२.९३ |
| ३ | १४१.६ |
| ४ | १४३.१३ |
| ५ | १५४.६४ |
| ६ | १४५.२५ |
| ७ | १५०.४३ |
| ८ | १४१.१२ |
| ९ | १३०.७९ |
| १० | १२३.९९ |

### ३.१.६ विद्यालयमा कार्यरत शिक्षक विवरण : (जम्मा २० जना कार्यरत)

**तालिका १३ : शिक्षक विवरण**

| क्र.सं. | शिक्षकको नाम | पद | नियुक्ति प्रकार | नियुक्ति मिति | तह | विषय | योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | श्री नवराज पाण्डेय | प्र.अ. | स्थायी | 2071/04/21 | माध्यमिक (द्वितीय) | सामाजिक | M.A., M.Ed. |
| २. | श्री दुर्गाप्रसाद शर्मा | स.प्र.अ. | स्थायी | 2060/12/27 | प्राथमिक (तृतीय) | सबै | I.Ed |
| ३. | श्री पार्वती जोशी | शिक्षक | स्थायी | 2071/ 04 /26 | प्राथमिक (तृतीय) | सबै | M.Ed. |
| ४. | श्री कुलप्रसाद गौतम | शिक्षक | स्थायी | 2075/12/29 | प्राथमिक (तृतीय) | सबै | I.com |
| ५. | श्री राधिका शाह | शिक्षक | स्थायी | 2075/12/29 | प्राथमिक (तृतीय) | सबै | B.A. |
| ६. | श्री चुडामणी तिमिल्सेना | शिक्षक | स्थायी | 2076/07/29 | प्राथमिक (तृतीय) | सबै | M.Ed.,M.A.,LLB |
| ७. | कुमारी तारा भट्ट (पन्त) | शिक्षक | स्थायी | 2076/08/13 | प्राथमिक (तृतीय) | सबै | B.Ed. |
| ८. | श्री सरोज शाह | शिक्षक | अनुदान | 2081/01/31 | माध्यमिक | विज्ञान | MSC |
| ९. | श्री शिव बहादुर चन्द | शिक्षक | अनुदान | 2081/07/20 | माध्यमिक | गणित | B.Ed. |
| १०. | श्री विजय उपाध्याय | शिक्षक | राहत | 2068/09/03 | नि.मा.वि. | नेपाली | B.Ed. |
| ११. | दिपा जोशी | शिक्षक | राहत | 2078/01/02 | नि.माध्यमिक | अंग्रेजी | M.Ed. |
| १२. | सोनुलाल डगौँरा | शिक्षक | राहत | 2078/01/02 | नि.माध्यमिक | गणित | B.Ed. |
| १३. | चन्द्रावती ओझा | शिक्षक | अनुदान | 2081/10/07 | नि.माध्यमिक | अंग्रेजी | B.Ed. |
| १४. | श्री बालकृष्ण घिमिरे | शिक्षक | निजी स्रोत | 2062/01/20 | नि.माध्यमिक | सामाजिक | B.A. |
| १५. | श्री शोभा दाहाल | शिक्षक | अनुदान | 2054/10/03 | प्राथमिक | सबै | I.Ed. |
| १६. | श्री कमला पौडेल | स.का. | अनुदान | 2062/09/01 | बाल विकास | — | I.Ed. |
| १७. | श्री यशोदा चौधरी | स.का. | अनुदान | 2066/07/22 | बाल विकास | — | B.Ed. |
| १८. | श्री निर्मला बोहरा थापा | स.का. | अनुदान | 2066/07/22 | बाल विकास | — | I.Ed. |
| १९. | श्री किशोर पाण्डेय | लेखा स. | अनुदान | 2073/11/8 | स.ले.पा. | — | MBS |
| २०. | श्री हरिराम चौधरी | का.स. | अनुदान | 2059/2/19 | का.स. | — | SLC |

**३.१.७ आर्थिक बर्ष २०८१/८२ को आर्थिक विवरण :**

**तालिका १४ : आर्थिक विवरण**

| प्राप्ति | रकम (रु.) | भुक्तानी | रकम (रु.) |
|---|---|---|---|
| गत बैंक मौज्दात | ७,१२,०५५.५६ | शिक्षक तलब भत्ता | ९२,८६,५२४.०० |
| जम्मा | ७,१२,०५५.५६ | विद्यार्थी खर्च | १०,०२,२५५ |
| अन्य आम्दानी | ६,८०९ | विद्यालय सञ्चालन खर्च | २,३५,९१३.०० |
| नगरपालिका अनुदान | | मर्मत खर्च | ८०,५२५.०० |
| तलब भत्ता | ८६,६४,३६४.५० | पुँजीगत खर्च | |
| दिवा खाजा | ३,०८,९२५ | साइकल स्टेण्ड | २,९४,७३४.०० |
| पाठ्यपुस्तक | ४,०१,२५५.३२ | पर्खाल निर्माण | १,८१,५०० |
| निदानात्मक सिकाइ | २५,६५० | प्ले स्टेशन | ३,१३,२३६.०० |
| छात्रवृत्ति | ५२,८०० | निर्माण खर्च | १,०५,०००.०० |
| सिकाइ अनुदान | ९९,५०० | पङ्खा खरिद | २६,४००.०० |
| मसलन्द | २५,००० | स्पिकर खरिद | १६,५००.०० |
| अपाङ्ग पहिचान | ४,१०० | नल्का जडान | १२,५५० |
| SIP/EMIS | २०,००० | दिवा खाजा भाँडाकुँडा | ११,४५५५.०० |
| लेखा/सामाजिक परीक्षण | १५,००० | जम्मा | ९६,१,३७५.०० |
| विद्यार्थी वित्त विकास | १८,०५० | लेखा परीक्षण | २०,०००.०० |
| इन्टरनेट सुविधा | २०,००० | जम्मा | २०,०००.०० |
| शिक्षक अनुदान (निम्नमाध्यमिक) | १,८०,००० | बैंक तथा नगद मौज्दात | |
| अतिरिक्त कक्षा सञ्चालन | १८,००० | रा. बा. बैंक ४३७५ धनगढी | २,८३,७४२.१७ |
| जम्मा | ९८,५२,६४४.८२ | रा.बा.बैंक १२१६ शिवसरोजस्थल | २,३९,०२८.७२ |
| वडा कार्यालय | २,८४,७३४.०० | रा.बा.बैंक ३८८६ महेन्द्रनगर | ३,०७४.४९ |
| विद्यालय आन्तरिक आम्दानी | ९,८३,३७५.०० | नगद | ८४०.०० |
| विद्यालय अन्य आम्दानी | २,७३,६५९.०० | जम्मा | ५,२६,६८५.३८ |
| **कुल जम्मा** | **१,२१,१३,२७७.३८** | **कुल जम्मा** | **१,२१,१३,२७७.३८** |

### ३.१.८ शैक्षिकसत्र २०८२ मा भएको आय र व्यय सम्बन्धी विवरण (निजी स्रोत)

| आम्दानी शीर्षक | रकम | व्यय शीर्षक | रकम |
|---|---|---|---|
| अभिभावक सहयोग | ८०५०,०३, | तलब शै. स. २०८१ | ३,९०,०८० |
| होली | १०५९,९८, | तलब शै. स. २०८२ | ४,३६,५९० |
| प्रमाणपत्र | ५२७००, | प्रथम त्रैमासिक परीक्षा | ७३,९४१ |
| घडेरी महसुल | ४५,०५४ | दोस्रो त्रैमासिक परीक्षा | ३९,१८५ |
| प्रवेश परीक्षा | ६,१०० | बार्षिक परीक्षा | ३२,६९५ |
| सिफारिस | २,००० | मालपोत | १३,८९० |
| सिचाईँ | २,४०० | विद्युत महसुल | १८,०७० |
| दाउरा बिक्री | १,५०० | पत्रिका तथा सञ्चार | ७,५४० |
| रद्धी जस्तापाता बिक्री | ४,५०० | विद्युत वाइरिङ र मर्मत | १६,२२८ |
| सरस्वती पूजा | ३२,६०० | प्रशासनिक | २३,१२५ |
| गोमा शर्मा बिष्ट अक्ष्यकोष | ५१,१५१ | मसलन्द | २०,७१० |
| अमरश्रीकृष्ण सामुदायिक वन | १०,००० | दैनिक भ्रमण | १२,९०० |
| प्रथम त्रैमासिक परीक्षा | ८८,०५० | साइकल स्टेण्ड | १०,००० |
| दोस्रो त्रैमासिक परीक्षा | १,०२,७५० | पोसाक | ७,००० |
| बार्षिक परीक्षा | ६९,९५० | नृत्य पोसाक | १०,५०० |
| | | खेलकुद | २६,२२० |
| | | शैक्षिक भ्रमण | २,००० |
| | | सरस्वती पूजा | ३६,६०५ |
| | | खेलकुद जर्सी | १०,००० |
| | | बार्षिक समारोह | ६,२५० |
| | | सा. सु. कर | ४,६४७ |
| | | मर्मत सम्भार | १६,५२५ |
| | | जम्मा खर्च | १३,९६,२०१ |
| | | बैंक मौज्दात (मुद्दति खाता) | ५१,१५१ |
| | | बैंक मौज्दात (बचत) | २२,५१५ |
| | | | |
| **जम्मा** | **१४,६९,८६४** | **जम्मा** | **१४,६९,८६४** |

### ३.१.९ विद्यालयमा भएका गतिविधिहरू :

- बालक्लब, इकोक्लब र जुनियर रेडक्रस सर्कल गठन गरिएको र जिम्मेवारीका साथ कार्य सञ्चालन भइरहेको ।
- प्रत्येक शिक्षकहरूलाई जिम्मेवारी प्रदान गरी संस्थाप्रति उत्तरदायी बनाइएको ।
- शै.स. २०८१ को छात्रवृत्ति १३२ जना (कक्षा १–५ सम्म अध्ययन गर्ने सम्पूर्ण छात्रा र दलित छात्रछात्रा) लाई २०८२ जेठ महिनामा प्रतिविद्यार्थी रु. ४०० का दरले जम्मा ५२,८०० रुपैयाँ वितरण गरिएको ।
- पुनर्वास नगरपालिकाको सशर्त अनुदान(सङ्घीय अनुदान) मा माध्यमिक तहमा विज्ञान र गणित विषय शिक्षकलाई नियुक्त गरिएको र नगर अनुदान कोटामा निम्नमाध्यमिक तहमा एक जना अङ्ग्रेजी शिक्षकलाई समेत नियुक्त गरिएको ।
- शैक्षिकसत्र२०८१ को राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका सबै विधामा सहभागी भै पालिकामै दोस्रो स्थान हासिल गरेको ।
- पुनर्वास नगरपालिकाले आयोजना गरेका शैक्षिक प्रतिस्पर्धामा सहभागी भै सम्मानजनक स्थान प्राप्त हुँदै आएको ।
- एन्फाद्वारा २५ थान फुटबल विद्यालयलाई हस्तान्तरण गरिएको ।
- बेलाबखत विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन हुँदै आएको ।
- विद्यालयको समृद्धिका लागि होली बिशेष कार्यक्रमको आयोजना गरी विद्यालय सेवाक्षेत्र भित्र होली खेलेर विद्यालय–समुदायबिचको सम्बन्ध प्रगाढ बनाउन प्रयास गरिएको र रु. १,९८,०६० आर्थिक रकम समेत सङ्कलन गरिएको । जहाँ शिक्षकस्टाफद्वारा रू. ३०, ००० चन्दा स्वरूप उपलब्ध गरिएको । यो सहयोगका लागि सम्पूर्ण शिक्षक र अभिभावकज्यूप्रति हार्दिक आभार प्रकट गर्दछौँ।
- वि.सं. २०८१ फागुन ३० र चैत १ गते अभिभावक, शिक्षक, विद्यार्थी र समाजसेवीको सहकार्यमा होली खेले बाफत सङ्कलन गरिएको रकमबाट विद्यालय अगाडि रहेको पर्खाल मर्मत गरि एङ्गल सहितको काँडेतार र रङ्गरोगन गरिएको, दुईतले भवनमा ग्रीलढोका र रेलिङ लगाउने कार्य सम्पन्न भएको, विद्यालयको मञ्च मर्मत गरिएको, कक्षाकोठा मर्मत गरिएको जहाँ कूल १,८१,५००/- रकम खर्च भएको ।
- चाइना फाउण्डेसनको आर्थिक सहयोग र वातावरण संरक्षण तथा समाज कल्याण सङ्घ नेपालको समन्वयमा वि.सं. २०८१ चैत महिनामा विद्यालयका ३६१ जना विद्यार्थी (प्रारम्भिक बालविकास देखि कक्षा ८) लाई झोला, पानी बोत्तल, स्टेशनरी तथा हाइजनिक सिकट सहितका शैक्षिक सामग्री वितरण गरिएको ।
- पुनर्वास नगरपालिका वडा नं. ११ को कार्यालयबाट रू. ३,००,००० को लागतमा जेठ महिनामा साइकल स्ट्याण्ड निर्माण गरिएको, भलिबल कोर्ट तयार गरिएको, पुनर्वास नगरपालिकाको कार्यालयबाट शुद्ध खानेपानीका लागि चिसो र तातो पानी आउने फिल्टरको व्यवस्था समेत गरिएको ।
- असार महिनामा कक्षा ७ र ८ का विद्यार्थीहरूको गणित र अङ्ग्रेजी विषयको शैक्षिक उपलब्धि वृद्धि गर्न नगरपालिकाको पहलमा अतिरिक्त कक्षा सञ्चालन गरिएको ।
- श्रावण महिनामा विद्यालय प्राङ्गणमा वृक्षारोपण गरिएको ।

- अमरगोकुल सामुदायिक वन उपभोक्ता समूहद्वारा यस विद्यालयमा कक्षा बालविकास देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीलाई १६२ थान न्यानो टोपी वितरण गरेको, अमर श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहद्वारा यस विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीको शिक्षा तथा खेलकुदको क्षेत्रमा सहयोग पुर्याउने उद्देश्यले रू १०,००० अक्षरेपी दश हजार रूपैयाँ सहयोग गरेको, यस विद्यालयका शिक्षक-अभिभावक सङ्घका अध्यक्ष श्री भुपेन्द्र अधिकारीज्यूद्वारा यस विद्यालयमा अध्ययनरत विद्यार्थी खेलाडीका लागि २० थान जर्सी कपडा उपलब्ध गर्नुभएको, किराना व्यवसायी श्री खडक बोहराज्यूद्वारा १० थान जर्सी कपडा उपलब्ध गर्नुभएको, दुग्ध व्यवसायी श्री प्रकाश बानियाँज्यूद्वारा १० थान जर्सी कपडा कट्टु) र टिउपलब्ध गर्नु (सर्ट-भएको, शिक्षकअभिभावक सङ्घका - सदस्य श्री लेखनाथ शर्माज्यूले विद्यालयलाई एक थान राष्ट्रिय झण्डा प्रदान गर्नुभएको, शिक्षक-अभिभावक सङ्घका निवर्तमान अध्यक्ष श्री काशीराम बोहराज्यूद्वारा वार्षिकोत्सवका लागि ५५ थान ब्याज उपलब्ध गराउनुभएको, SDL Printers आईबिआरडीका सञ्चालक श्री देवेन्द्र शर्माज्यूद्वारा १५० थान अतिरिक्त क्रियाकलापका प्रमाणपत्र उपलब्ध गराउनुभएको, सिद्धदेवी ट्रेडर्स विकासबस्तीले विद्यालयको सरस्वती मन्दिरमा रङ्गरोगन गरेकोले सम्पूर्ण सहयोगी मनप्रति हार्दिक आभार प्रकट गर्दछौं।
- ई-हाजिरीको व्यवस्था हुँदा शिक्षक उपस्थिति नियमित रहेको।
- कक्षा १ देखि ३ सम्म अङ्ग्रेजी माध्यमको थप एक अतिरिक्त विषय पठनपाठन सञ्चालन गरिएको।
- अभिभावक भेलाबाट विद्यालय प्राङ्गणमा रहेका बोटबिरुवा कटानीका लागि कार्यारम्भ गर्ने भनि निर्णय भएबमोजिम कार्यप्रक्रिया अगाडि बढाइएको।
- बार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयनमा आइरहेको।
- सम्पूर्ण पिरियडहरू नियमित रुपमा पठनपाठन भईरहेको।
- विद्यार्थी र शिक्षकका क्रियाकलापको निरन्तर अवलोकन भईरहेको।
- विद्यालमा नियमित आलोपालो गरि कक्षागत रुपमा सरसफाई गर्ने गरिएको।
- विद्यार्थीहरूलाई मध्यान्तरमा खेल सामग्री उपलब्ध गराउने गरिएको।
- समय समयमा अभिभावक भेला आयोजना गर्ने गरिएको।
- बिषयवस्तुको प्रकृति बमोजिम कक्षा भित्र वा बाहिर अतिरिक्त क्रियाकलापहरू हुने गरेको।
- प्रत्येक दिन कक्षा शिक्षकले कक्षा अवलोकन गरी विद्यार्थीको चक्रीय बसाइँ व्यवस्थापन गर्ने गरिएको।
- बेला बेलामा शिक्षकहरूको बैठक बसी शैक्षिक समस्याहरूबारे छलफल हुने गरेको।

### ३.१.१० भौतिक सुविधाको अवस्था

**तालिका १५ : भौतिक सुविधाको अवस्था**

| क्र.सं. | विवरण | जम्मा संख्या | पर्याप्त | अपर्याप्त | मर्मत/सुधार | भूकम्प प्रतिरोधात्मक | अपाङ्गमैत्री |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | १ | | ✓ | ✓ | | |
| २ | कक्षाकोठा | २५ | | ✓ | ✓ | | |
| ३ | फर्निचर | १३२ | | ✓ | ✓ | | |
| ४ | शौचालय (जम्मा) | ३ | ✓ | | ✓ | | |
| ५ | छात्र शौचालय | १ | | ✓ | ✓ | | |
| ६ | पानी सुविधा सहित शौचालय | २ | | | ✓ | | |
| ७ | विद्यालय कम्पाउण्ड | | | ✓ | ✓ | | |
| ८ | खानेपानी धारा | ४ | | ✓ | ✓ | | |
| ९ | खेल मैदान | | ✓ | | ✓ | | |
| १० | कम्प्युटर/ICT प्रयोगशाला | | ✓ | | | | |
| ११ | विज्ञान प्रयोगशाला | | ✓ | | | | |
| १२ | पुस्तकालय | | ✓ | | | | |

**तथ्याङ्क विश्लेषण**

विद्यालय भवनको सङ्ख्या ९ र कक्षाकोठा सङ्ख्या २५ भएता पनि २ वटा कक्षा कोठाको अवस्था अत्यन्त दयनीय रहेको छ। यस्ता यी कक्षाकोठामा पठ्नपाठन गराउन असहज भइरहेको छ। आर.सी.सी. गरिएका कोठा सङ्ख्या ११ छन्। पुरानो लामो टिनको छानोयुक्त भवन मर्मत संभार भएको हुँदा सहज देखिन्छ।

### ३.१.११ विद्यालयको व्यवस्थापकीय प्रबन्ध

विद्यालयको व्यवस्थापकीय र शैक्षिक प्रबन्ध (शैक्षिक सत्र २०८१ को अभिलेखमा आधारित) देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १६ : विद्यालयको व्यवस्थापकीय प्रबन्ध**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति गठन | ✓ | | २०८० चैत्र २८ |
| २ | व्यवस्थापन समिति बैठक | ✓ | | वार्षिक २३ पटक |
| ३ | शिक्षक अभिभावक सङ्घ गठन | ✓ | | २०८१ फागुन २० |
| ४ | शिक्षक अभिभावक सङ्घ बैठक | ✓ | | वार्षिक १ पटक |
| ५ | प्रधानाध्यापक नियुक्ति | ✓ | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | सामाजिक परीक्षण | ✓ | | |
| ७ | लेखा परीक्षण | ✓ | | |
| ८ | कक्षागत अभिभावक बैठक | ✓ | | |
| ९ | वार्षिकोत्सव | ✓ | | |
| १० | सरोकारवालासँग सुनुवाइ | ✓ | | |
| ११ | आचारसंहिता पालना | ✓ | | |
| १२ | विद्यार्थी आचारसंहिता | | ✓ | |
| १३ | बाल क्लब गठन | ✓ | | |
| १४ | शिक्षक बैठक | ✓ | | वार्षिक ६ पटक |
| १५ | विद्यालय अनुगमन | ✓ | | वार्षिक ७ पटक |
| १६ | वि.व्य.स. र शि.अ.सं.बाट विद्यालय अनुगमन | ✓ | | वार्षिक पटक–पटक |
| १७ | वार्षिक कार्य पात्रो निर्माण | ✓ | | |
| १८ | वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन | ✓ | | |
| १९ | दैनिक पाठयोजना सहित शिक्षण | | ✓ | |
| २० | आधारभूत कक्षामा गणितीय र पठन सिप विकासका लागि योजना र प्रयोग | ✓ | | |
| २१ | स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग | ✓ | | |
| २२ | सिकाइ आवश्यकता पहिचान र सहजीकरण | ✓ | | |
| २३ | प्राथमिक उपचारको व्यवस्था | | ✓ | |
| २४ | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण तथा औषधि वितरण | ✓ | | |
| २५ | विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन | ✓ | | |
| २६ | विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम | ✓ | | |
| २७ | विद्यालय सामाजिक परीक्षण | ✓ | | ७८ |

व्यस्थापकीय दृष्टिकोणले विद्यालय प्रचलित कानून बमोजिम नै सञ्चालन भइरहेको देखिन्छ भने प्रत्येक कक्षाका अभिभावकहरूसँग अन्तक्रिया गर्ने कार्य समेत भइरहेको छ। यसैगरी विद्यालयका विविध गतिविधि सञ्चालन गर्न बार्षिक कार्य तालिका पनि  निर्माण गरिएको छ। दिवाखाजालाई विद्यालयबाट नै परिचालन गरिनुपर्ने हुनाले यसको आर्थिक भार थेग्न चुनौती रहेको देखिन्छ। यसैगरी स्थानीय स्वास्थ्य चौकीसँग  आवश्यक समन्वय र परामर्श गरी विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच गराउन सके त्यो प्रभावकारी हुन्थ्यो।

### ३.१.१२ शैक्षिक सामग्रीको विवरण

विद्यालयमा विद्यमान शैक्षिक सामग्रीको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १७ : शैक्षिक सामग्री विवरण**

| क्र.सं. | सामग्री | उपलब्ध | अनुपलब्ध | पर्याप्त | प्रयोग अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम | ✓ | | ✓ | ✓ |
| २ | तहगत पाठ्यक्रम | ✓ | ✓ | ✓ | ✓ |
| ३ | विद्यार्थीलाई सेटमा पाठ्यपुस्तक | ✓ | ✓ | ✓ | ✓ |
| ४ | विषयगत शिक्षक निर्देशिका | ✓ | ✓ | ✓ | ✓ |
| ५ | पुस्तकालय | ✓ | ✓ | ✓ | ✓ |
| ६ | खेलकुदका सामग्री | ✓ | | ✓ | ✓ |
| ७ | विज्ञानसामग्री/शारीरिक विषयका उपकरण/स्वास्थ्य/ | ✓ | | ✓ | ✓ |
| ८ | विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सन्दर्भ सामग्री | ✓ | | | |
| ९ | शिक्षकले स्थानीय स्रोत प्रयोग गरी तयार पारेका शैक्षिक सामग्री | ✓ | | | |
| १० | शिक्षक, अभिभावक र विद्यार्थीको सहकार्यमा निर्मित सिकाइ सामग्री प्रदर्शनी | | ✓ | | |

### ३.२ मुख्य समस्या र समाधानका उपाय

**तालिका १८ : समस्या विश्लेषण सारांश तालिका**

| क्र.सं. | क्षेत्र | समस्या | समाधान |
|---|---|---|---|
| १ | कक्षागत विद्यार्थी विवरण | विद्यार्थी संख्या धेरै हुनु | शिक्षक दरबन्दीको व्यवस्था गर्ने |
| २ | आन्तरिक क्षमताको अवस्था | (१) विद्यालय छोड्ने दर विद्यमान रहेको<br>(२) SEE मा आशातीत ग्रेड आउन नसकेको | (१) अभिभावक शिक्षा सञ्चालन गर्ने<br>(२) अतिरिक्त कक्षा सञ्चालन गर्ने |
| ३ | कक्षा दोहोऱ्याउने | (१) अभिभावक शिक्षा सञ्चालन गर्नुपर्ने<br>(२) अतिरिक्त कक्षा सञ्चालन गर्ने | (१) विद्यार्थीको अन्तिम पीरियडमा अभिलेख राख्ने (२) अभिभावक शिक्षा सञ्चालन गर्ने<br>(३) नियमित अनुगमन गर्ने<br>(४) विद्यार्थी परामर्श सेवा सञ्चालन गर्ने |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि विवरण | तहगत सिकाइ उपलब्धि न्यून हुनु | (१) कमजोर विद्यार्थी पहिचान गरी निदानात्मक सिकाइ गर्ने<br>(२) अतिरिक्त कक्षा सञ्चालन गर्ने<br>(३) नियमित मूल्याङ्कन गर्ने |
| ५ | शिक्षक विवरण | विषयगत शिक्षकको अभाव | सम्बन्धित निकायसँग थप दरबन्दी माग गर्ने, अनुदान तथा निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्ने |
| ६ | सूचना तथा सञ्चार प्रविधि | सूचना तथा सञ्चार प्रविधिको सीमित प्रयोग | (१) ICT सामग्री थप गर्ने,<br>(२) शिक्षकलाई प्रविधिमैत्री तालिम प्रदान गर्ने |
| ७ | भौतिक सुविधा व्यवस्था | केही कक्षाकोठा तथा भौतिक संरचना जीर्ण हुनु | स्थानीय तह, प्रदेश तथा अन्य सहयोगी निकायबाट स्रोत जुटाई मर्मत तथा निर्माण गर्ने |
| ८ | विद्यार्थीको नियमित उपस्थिति | विद्यार्थी नियमित उपस्थिति कम हुनु | (१) अभिभावकसँग समन्वय गर्ने<br>(२) नियमित उपस्थितिलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने |
| ९ | शैक्षिक सामग्रीको उपलब्धता | शैक्षिक सामग्रीको पर्याप्त प्रयोग नहुनु | शिक्षकलाई सामग्री प्रयोगमा उत्प्रेरित गर्ने तथा कक्षाकोठामा नियमित प्रयोग सुनिश्चित गर्ने |
| १० | आन्तरिक आय | विद्यालयको आन्तरिक आय न्यून हुनु | (१) आयमूलक कार्यक्रम सञ्चालन गर्ने,<br>(२) समुदाय तथा सहयोगी संस्थासँग सहकार्य गर्ने |
| ११ | खेलकुद | खेलकुद तथा अतिरिक्त | स्थानीय सरकार, समुदाय तथा दातृ निकायसँग |

| | | | |
|---|---|---|---|
| | | क्रियाकलापका लागि स्रोत सीमित हुनु | सहकार्य गरी स्रोत व्यवस्थापन गर्ने |
| १२ | अभिभावकको शैक्षिक सहभागीता | अभिभावकको शैक्षिक सहभागिता पर्याप्त नहुनु | (१) नियमित अभिभावक भेला आह्वान गर्ने<br>(२) अन्तरक्रिया तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |

निष्कर्ष :

विद्यालयको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, व्यवस्थापन तथा स्रोत परिचालनका क्षेत्रमा देखिएका समस्याहरूलाई योजनाबद्ध रूपमा समाधान गर्दै विद्यालयलाई गुणस्तरीय, सुरक्षित, बालमैत्री तथा प्रविधिमैत्री शिक्षण संस्थाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

# ४. योजना निर्माण

## ४.१ विद्यालयको दूरदृष्टि (Vision)

“विद्यार्थीको अन्तर्निहित प्रतिभा र सर्वाङ्गीण पक्षको विकास”

## ४.२ उद्देश्यहरू (Objectives)

(क) औसत सिकाइ उपलब्धि वृद्धि गर्ने

(ख) विद्यालय वातावरणलाई सुरक्षित, हरियाली एवं बालमैत्री बनाउने

(ग) विद्यार्थी केन्द्रित सिकाइ वातावरण सिर्जना गर्ने

(घ) विद्यालयका सबै क्रियाकलापमा समुदाय/अभिभावकको संलग्नता बढाउने

(ङ) बालबालिकामा स्वस्थ प्रतिस्पर्धात्मक बानी विकास गर्ने

(च) अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने

(छ) पाठ्यक्रममा आधारित सह–क्रियाकलाप सञ्चालन गर्ने

## ४.३ आवश्यकता पहिचान एवं प्राथमिकीकरण

विद्यालयको वर्तमान अवस्था, सिकाइ उपलब्धि, भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, समुदायको अपेक्षा तथा सरोकारवालाहरूसँगको छलफलबाट विद्यालयका आवश्यकता पहिचान गरी निम्नानुसार प्राथमिकता निर्धारण गरिएको छ।

**तालिका १९ : प्राथमिकता प्राप्त कार्यको सूची**

| क्र.सं. | प्राथमिकता प्राप्त आवश्यकता |
|---|---|
| १ | विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने |
| २ | विद्यालय छोड्ने तथा कक्षा दोहोर्याउने दर घटाउने |
| ३ | विद्यार्थीको नियमित उपस्थिति र टिकाउ दर बढाउने |
| ४ | विषयगत शिक्षक तथा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने |
| ५ | कमजोर विद्यार्थीका लागि अतिरिक्त तथा निदानात्मक कक्षा सञ्चालन गर्ने |
| ६ | जीर्ण कक्षाकोठा तथा भौतिक संरचनाको मर्मत तथा सुधार गर्ने |
| ७ | सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई विस्तार गर्ने |
| ८ | विद्यालयलाई सुरक्षित, हरित, सफा र बालमैत्री बनाउने |
| ९ | खेलकुद, पुस्तकालय, विज्ञान तथा प्रयोगात्मक शिक्षालाई प्रभावकारी बनाउने |
| १० | अभिभावक तथा समुदायको विद्यालयप्रतिको सहभागिता र अपनत्व बढाउने |
| ११ | विद्यालयको आन्तरिक आम्दानी वृद्धि गरी स्रोत व्यवस्थापन सुदृढ गर्ने |
| १२ | शिक्षकको पेशागत क्षमता विकास तथा कार्यसम्पादनमा सुधार गर्ने |
| १३ | अतिरिक्त क्रियाकलाप तथा प्रतिभा प्रस्फुटनका कार्यक्रम सञ्चालन गर्ने |
| १४ | विद्यालय सुशासन, पारदर्शिता तथा उत्तरदायित्वलाई थप प्रभावकारी बनाउने |

उल्लिखित आवश्यकताहरूलाई विद्यालयको उपलब्ध स्रोत, सम्भाव्यता, तात्कालिक आवश्यकता तथा दीर्घकालीन प्रभावका आधारमा प्राथमिकताक्रममा राखी आगामी पाँच वर्ष (२०८३–२०८७) का लागि कार्ययोजना तयार गरिएको छ। यसबाट विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधार विकास तथा समग्र संस्थागत सुदृढीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

### ४.४ लक्ष्य निर्धारण

विद्यालयको दूरदृष्टि, उद्देश्य तथा आवश्यकता पहिचानका आधारमा आगामी पाँच वर्षका लागि निम्न लक्ष्यहरू निर्धारण गरिएको छः

**तालिका २० : पाँच वर्षका लागि लक्ष्य निर्धारण**

| क्र.सं. | लक्ष्य | आधार अवस्था (२०८२) | पहिलो वर्षको लक्ष्य (२०८३) | पाँच वर्षको लक्ष्य (२०८७) |
|---|---|---|---|---|
| १ | विद्यालयको समग्र सिकाइ उपलब्धि वृद्धि गर्ने | २.४३ | ३.०० | ३.२० भन्दा माथि पुऱ्याउने |
| २ | कक्षा १–५ को कक्षोन्नति दर वृद्धि गर्ने | ८८.६९% | ९०% | ९८% पुऱ्याउने |
| ३ | कक्षा ६–८ को कक्षोन्नति दर वृद्धि गर्ने | ७४.२६% | ८०% | ९५% पुऱ्याउने |
| ४ | विद्यालय छोड्ने दर न्यून गर्ने | ३–१४% | १०% | २% भन्दा कममा झार्ने |
| ५ | विद्यार्थी नियमित उपस्थिति वृद्धि गर्ने | औसत ७५% | ७८% | ९०% पुऱ्याउने |
| ६ | शिक्षक उपस्थिति सुनिश्चित गर्ने | ९०% भन्दा माथि | ९२% | ९८% कायम गर्ने |
| ७ | विषयगत शिक्षक अभाव न्यूनीकरण गर्ने | केही विषयमा अभाव | कम्तिमा एक बिषय | आवश्यक सबै विषयमा शिक्षक व्यवस्था गर्ने |
| ८ | ICT मा आधारित शिक्षण विस्तार गर्ने | सीमित प्रयोग | कक्षा ९ र १० मा | सबै कक्षामा आवश्यकतानुसार प्रयोग गर्ने |
| ९ | जीर्ण कक्षाकोठा मर्मत तथा सुधार गर्ने | २ कक्षाकोठा जीर्ण | १ कोठा | १००% मर्मत सम्पन्न गर्ने |
| १० | विद्यालय परिसरलाई हरित, सुरक्षित र बालमैत्री बनाउने | आंशिक | केहि | पूर्ण बालमैत्री र हरित विद्यालय बनाउने |
| ११ | अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउने | नियमित | नियमित | १००% विद्यार्थी सहभागिता सुनिश्चित गर्ने |
| १२ | अभिभावक सहभागिता | मध्यम | प्रत्येक कक्षाबाट ५०% | प्रत्येक कक्षाको कम्तीमा |

| | | | | |
|---|---|---|---|---|
| | अभिवृद्धि गर्ने | | उपस्थिति सुनिश्चित | ९०% अभिभावक सहभागिता सुनिश्चित गर्ने |
| १३ | विद्यालयको आन्तरिक आम्दानी वृद्धि गर्ने | सीमित | बार्षिक १०% वृद्धि गर्ने | वार्षिक कम्तीमा २५% वृद्धि गर्ने |
| १४ | SEE परीक्षाको नतिजामा सुधार गर्ने | सन्तोषजनक | न्यूनतम ६५% उत्तीर्ण दर हासिल गर्ने | न्यूनतम ८५% उत्तीर्ण दर हासिल गर्ने |
| | कक्षा १–५ को औसत हाजिरी | १४५.७६ | १५० | १९० |
| | कक्षा ६–८ को औसत हाजिरी | १४५.६० | १५० | १९० |
| औसत सिकाइ उपलब्धि | | | | |
| | कक्षा १-३ | ३.१८ | ३.२ | ३.५ |
| | गणित | ३.०९ | ३.१ | ३.५ |
| | नेपाली | ३.१५ | ३.२ | ३.५ |
| | अङ्ग्रेजी | ३ | ३.१ | ३.६ |
| | कक्षा ४-५ | २.१६ | २.२ | ३.०० |
| | अङ्ग्रेजी | २.०९ | २.२ | २.८ |
| | गणित | २.०९ | २.२ | २.८ |
| | विज्ञान | २.१८ | २.३ | २.८ |
| | कक्षा ६-८ | २.२७ | २.३ | २.९ |
| | अङ्ग्रेजी | २.२० | २.२५ | ३.०० |
| | गणित | २.०७ | २.१५ | २.८ |
| | विज्ञान | २.२३ | २.३ | ३.०० |
| | कक्षा ९-१० | २.१४ | २.२ | २.८ |
| | अङ्ग्रेजी | १.९९ | २.०० | २.६ |
| | गणित | १.४४ | १.६ | २.४ |
| | विज्ञान | १.७६ | २.०० | २.९ |

**अपेक्षित उपलब्धि (२०८७ सम्म)**

(क) विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ।

(ख) विद्यार्थीको सिकाइ उपलब्धि, नियमितता र टिकाउ दरमा वृद्धि हुनेछ।

(ग) विषयगत शिक्षक तथा भौतिक पूर्वाधारको अवस्था सुदृढ हुनेछ।

(घ) विद्यालय सुरक्षित, हरित, बालमैत्री तथा प्रविधिमैत्री वातावरणयुक्त बन्नेछ।

(ङ) विद्यालय र समुदायबीचको सहकार्य तथा अपनत्व अझ मजबुत हुनेछ।

(च) विद्यालयको संस्थागत क्षमता, सुशासन र आर्थिक व्यवस्थापनमा सुधार हुनेछ।

### ४.५ पाँच वर्षका लागि कार्यकलाप पहिचान (वि.सं. २०८३–२०८७)

विद्यालयले निर्धारण गरेका लक्ष्यहरू प्राप्त गर्न निम्न कार्यकलापहरू पाँच वर्षको अवधिमा सञ्चालन गरिनेछन्।

**तालिका २१ : पाँच वर्षका लागि प्रस्तावित कार्यकलाप निर्धारण**

| क्र.सं. | प्राथमिकता प्राप्त कार्य | कार्यकलाप |
|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुधार | १.१ कमजोर विद्यार्थी पहिचान गरी निदानात्मक तथा उपचारात्मक कक्षा सञ्चालन गर्ने<br>१.२ गणित, अङ्ग्रेजी र विज्ञान विषयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने<br>१.३ मासिक, त्रैमासिक तथा वार्षिक उपलब्धि परीक्षण सञ्चालन गर्ने<br>१.४ पठन संस्कृतिको विकासका लागि पुस्तकालयको प्रभावकारी उपयोग गर्ने |
| २ | विद्यार्थी नियमितता | २.१ अभिभावक शिक्षा तथा घरभेट कार्यक्रम सञ्चालन गर्ने<br>२.२ नियमित विद्यार्थीलाई पुरस्कार तथा सम्मान गर्ने<br>२.३ अभिभावकलाई नियमित फोन सम्पर्क गर्ने |
| ३ | शिक्षक व्यवस्थापन | विषयगत शिक्षक व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गर्ने |
| ४ | शिक्षक क्षमता विकास | शिक्षकहरूलाई तालिम, गोष्ठी तथा पेशागत विकास कार्यक्रममा सहभागी गराउने |
| ५ | सूचना प्रविधि | ICT सामग्री खरिद तथा प्रयोग विस्तार गर्ने<br>कम्प्युटर तथा प्रोजेक्टरको प्रयोगमार्फत प्रविधिमैत्री शिक्षण सञ्चालन गर्ने |
| ६ | भौतिक पूर्वाधार | ६.१ जीर्ण कक्षाकोठामा पङ्खा, बत्ती तथा आवश्यक फर्निचरको व्यवस्था गर्ने<br>६.२ विद्यालय कम्पाउण्ड तथा पर्खालको सुधार गर्ने<br>६.३ कक्षाकोठा तथा भवन मर्मत गर्ने |
| ७ | वातावरण संरक्षण | वृक्षारोपण तथा सरसफाइ अभियान सञ्चालन गर्ने |
| ८ | बालमैत्री वातावरण | विद्यालयलाई सुरक्षित, हरित तथा बालमैत्री बनाउने कार्यक्रम सञ्चालन गर्ने |
| ९ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | खेलकुद, हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला, चित्रकला लगायतका प्रतियोगिता सञ्चालन गर्ने |
| १० | स्वास्थ्य तथा पोषण | स्वास्थ्य परीक्षण, सरसफाइ तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने |
| ११ | समुदाय सहभागिता | नियमित अभिभावक भेला तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने |
| १२ | सुशासन | सामाजिक परीक्षण, लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने |
| १३ | स्रोत व्यवस्थापन | विद्यालयको आन्तरिक आय वृद्धि गर्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने |

| | | |
|---|---|---|
| १४ | विद्यार्थी सहयोग | छात्रवृत्ति, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरणलाई प्रभावकारी बनाउने |
| १५ | विपद् व्यवस्थापन | विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन गर्ने |
| १६ | नेतृत्व विकास | बालक्लब, इकोक्लब तथा जुनियर रेडक्रस सर्कललाई सक्रिय बनाउने |
| १७ | अनुगमन तथा मूल्याङ्कन | विद्यालय सुधार योजना कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गर्ने |
| १८ | औसत सिकाइ उपलब्धि वृद्धि | १८. १ विद्यार्थीको मासिक हाजिरी विश्लेषण र नियमिततामा सुधार<br>१८.२ शिक्षक नियमितता<br>१८.३ शिक्षण सिकाइ समय वृद्धि<br>१८.४ शैक्षणिक योजना निर्माण र प्रयोग<br>१८.५ स्थानीय शैक्षिक सामग्रीको तयारि र प्रयोग<br>१८.६ सफा र उपयुक्त सेतोपाटीको व्यवस्था<br>१८.७ सिकाइ उपलब्धि न्यून रहेका विद्यार्थीका लागि अतिरिक्त सिकाइको व्यवस्था<br>१८.८ प्र.अ./वि.व्य.स.द्वारा नियमित कक्षा अवलोकन |

उल्लिखित कार्यकलापहरूलाई वार्षिक कार्ययोजनामा समावेश गरी उपलब्ध स्रोत, बजेट तथा आवश्यकताका आधारमा क्रमशः कार्यान्वयन गरिनेछ। यसबाट विद्यालयको शैक्षिक गुणस्तर, व्यवस्थापन क्षमता तथा समग्र विकासमा अपेक्षित सुधार हुने विश्वास गरिएको छ।

**विद्यालयले बजेट बिना/कम बजेटमा सम्पन्न गर्न सक्ने कार्यकलाप**

**प्रधानाध्यापक र शिक्षकबाट**

(क) शिक्षक–विद्यार्थी हाजिरी विश्लेषण तथा उपस्थिति सूचनापाटीमा प्रदर्शन

(ख) कालोपाटी, कुर्सी, डेस्क तथा अन्य फर्निचरको मर्मत तथा सम्भार

(ग) विद्यालयबाहिर रहेका बालबालिकाका अभिभावक (प्रारम्भिक बाल विकास, कक्षा १) अभिमुखीकरण

(घ) शिक्षकद्वारा घरदैलो कार्यक्रम सञ्चालन

(ङ) बाल क्लब गठन तथा क्रियाकलापका लागि सहयोग

(च) विद्यालय सरसफाइ अभियान (हप्तामा एक पटक)

(छ) व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीहरूको नियमित बैठक

(ज) सूचनापाटीमा आचारसंहिता प्रदर्शन तथा अनुगमन

(झ) प्राथमिक उपचारको व्यवस्था तथा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण

(ञ) सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन

(ट) अन्तर विद्यालय भ्रमण तथा सिकाइको आदान–प्रदान

(ठ) स्थानीय शैक्षिक सामग्रीको सङ्कलन तथा प्रयोग

(ड) भयमुक्त वातावरण सिर्जना गर्ने

(ढ) गृहकार्य/परियोजना कार्य दिने र परीक्षण गर्ने

(ण) रोचक तथा सक्रिय कक्षा सञ्चालन

(त) सहपाठी सहयोगात्मक सिकाइ

(थ) विषयगत शिक्षक सञ्जाल बनाएर अनुभव आदान–प्रदान

(द) शिक्षण अवधि विस्तार

**विद्यालय व्यवस्थापन समितिबाट**

(क) व्यवस्थापन समितिको नियमित बैठक तथा विद्यालय सुधार योजना कार्यान्वयनको अनुगमन

(ख) विद्यालयका कार्यक्रमहरूमा सहभागिता तथा सहयोग

(ग) विद्यालय तथा कक्षाको अनुगमन

(घ) विद्यालय क्रियाकलापमा अभिभावक परिचालन

(ङ) सरसफाइ दिवस आयोजना

(च) उत्कृष्ट शिक्षक तथा अभिभावक सम्मान

**अभिभावकबाट**

(क) विद्यार्थी सिकाइ अवस्थाबारे प्रधानाध्यापक तथा शिक्षकसँग छलफल

(ख) विद्यालयका क्रियाकलापमा सहयोग गर्न समुदायमा आमा समूह गठन

(ग) बालबालिकालाई पर्याप्त कापी, कलम, सामग्रीसहित नियमित विद्यालय पठाउन प्रोत्साहन

(घ) विद्यालयको हाताभित्र, शौचालय तथा फर्निचर मर्मत तथा सम्भारमा स्वयंसेवा

(ङ) समय–समयमा अभिभावकबाट स्थानीय ज्ञान, सीप, शैली विद्यार्थीलाई सिकाउने

**विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यकलाप**

(क) आपत्कालीन अवस्थामा सम्पर्क गर्नका लागि अभिभावकहरूको सम्पर्क नम्बर अद्यावधिक गर्ने

(ख) गह्रौं फर्निचर र भित्तामा झुण्ड्याइएका वस्तुहरू नढल्ने गरी मजबुत रूपमा बाँध्ने

(ग) विद्यालय भवन, खानेपानी संरचना, फर्निचर तथा अस्थायी सिकाइ केन्द्रहरूको नियमित मर्मत सम्भार

(घ) आकस्मिक उपकरण, प्राथमिक उपचार/सहायता बाकस, झटपट झोला आदि तयार राख्ने

(ङ) असुरक्षित र जोखिमयुक्त स्थान पहिचान गर्ने

(च) आपत्कालीन कोषको व्यवस्था गर्ने

(छ) विपद् सम्बन्धी पूर्वतयारी अभ्यास गर्ने

(ज) भूकम्प प्रतिरोधी भवन निर्माण वा भवन प्रवलीकरण (दीर्घकालीन रूपमा)

## ४.६ पाँच वर्षका लागि बजेट अनुमान

**तालिका २२ : पाँच वर्षका लागि बजेट प्रक्षेपण**

| क्र.सं. | बजेट शीर्षक | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|
| १ | **सरकारी अनुदान** | | | | | | |
| १.१ | तलब | ८८,००,००० | ९६,८०,००० | १,०६,४८,००० | १,१६,४८,००० | १,२८,१२,००० | ५,३५,८८,००० |
| १.२ | छात्रवृत्ति | ५५,००० | ५६,००० | ५८,००० | ६०,००० | ६२,००० | २,९१,००० |
| १.३ | पाठ्यपुस्तक | ४,५०,००० | ४,५५,००० | ४,६०,००० | ४,६५,००० | ५,००,००० | २३,३०,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.४ | विद्यालय सञ्चालन खर्च | २५,००० | २५,००० | २५,००० | २५,००० | २५,००० | १,२५,००० |
| १.५ | भौतिक सुविधा विस्तार | ६०,००,००० | ३०,००,००० | १०,००,००० | १५,००,००० | २०,००,००० | १,६०,००,००० |
| १.६ | विद्यालय सुधार योजना निर्माण/कार्यान्वयन | २०,००० | २०,००० | २०,००० | २०,००० | २०,००० | १,००,,००० |
| १.७ | प्रति विद्यार्थी अनुदान (शैक्षिक सामग्री) | ९९,००० | १,००,००० | १,१०,००० | १,१५,००० | १,२०,००० | ५,४४,००० |
| | **जम्मा (१)** | **१,५९,४४,०००** | **१,३८,३१,०००** | **१,२७,६८,०००** | **१,२४,८८,०००** | **१,५५,१४,०००** | **७,२९,७८,०००** |
| **२. समुदाय/संघ संस्था (बजेट विवरण)** | | | | | | | |
| २.१ | नगद रकम/सहयोग (चन्दादाताबाट) | १०,००० | २५,००० | ४०,००० | ५०,००० | ७५,००० | २,००,००० |
| २.२ | जिन्सी सहायता (रकममा परिणत गर्दा) | ५,००० | १०,००० | १५,००० | १५,००० | २०,००० | ६५,००० |
| २.३ | सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समूह | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० | ५०,००० |
| २.४ | गैरसरकारी संघ/संस्था (NGO/INGO) प्राप्त हुने रकम/सहयोग | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | २,५०,००० |
| | **जम्मा (२)** | **७५,०००** | **९५,०००** | **१,१५,०००** | **१,२५,०००** | **१,५५,०००** | **५,६५,०००** |
| **३. विद्यालयको आन्तरिक आम्दानी** | | | | | | | |
| ३.१ | विद्यालयको आन्तरिक आम्दानी (भाडा) | ५८,००० | ६२,००० | ७०,००० | ७६,००० | ८५,००० | ३,५१,००० |
| ३.२ | शुल्क | ४,००,००० | ४,००,००० | ५,००,००० | ५,००,००० | ६,००,००० | २४,००,००० |
| ३.३ | कवाडी/रद्दी | १,००० | २,५०० | ३,००० | ५,००० | ४,००० | १५,५०० |
| | **जम्मा (३)** | **४,५९,०००** | **४,६४,५००** | **५,७३,०००** | **५,८१,०००** | **६,८९,०००** | **२७,६६,५००** |
| | **जम्मा (१ +२+३)** | **१,६४,७८,०००** | **१,४३,९०,५००** | **१,३४,५६,०००** | **१,३१,९४,०००** | **१,६३,५८,०००** | **७,६३,०९,०००** |

## तालिका २३ : पाँच वर्षका कार्यकलापका लागि आवश्यक बजेट अनुमान

| क्र.सं. | कार्यकलाप | एकाइ/ लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | पाँच वर्षको जम्मा | सम्भावित बजेट स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **औसत सिकाइ उपलब्धि वृद्धि** | | | | | | | | |
| १.१ | स्थानीय शैक्षिक सामग्रीको तयारी र प्रयोग | प्रत्येक विषय | ३,००० | ३,००० | ३,००० | ३,००० | ३,००० | १५,००० | सरकारी तथा आन्तरिक स्रोत |
| १.२ | सफा र उपयुक्त सेतो/कालो पाटीको व्यवस्था | १० वटा | १५,००० | १०,००० | १०,००० | १०,००० | १०,००० | ५५,००० | नगरपालिका र आन्तरिक |
| १.३ | विद्यार्थी नियमिततामा वृद्धि (सबै कक्षाको) | सबै | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० | ७५,००० | नगरपालिका |
| १.४ | खाली कक्षा व्यवस्थापन | ४५ मिनेट | ९०,००० | ९०,००० | ९०,००० | ९०,००० | ९०,००० | ४,५०,००० | आन्तरिक |
| १.५ | विद्यार्थीको टिकाउ दरमा वृद्धि | ९०% | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | १,५०,००० | नगरपालिका |
| १.६ | कक्षागत अभिभावक भेलाको आयोजना | ३/३ महिना | ५,००० | ५,००० | ५,००० | ५,००० | ५,००० | २५,००० | आन्तरिक |
| १.७ | सबै कक्षामा आन्तरिक मूल्याङ्कन सम्बन्धी व्यवस्था लागू | नियमानुसार | २५,००० | २५,००० | २५,००० | २५,००० | २५,००० | १,२५,००० | नगरपालिका |
| १.८ | नगर शिक्षक | २ जना | ६,५०,००० | ६,५०,००० | ६,५०,००० | ६,५०,००० | ६,५०,००० | ३२,५०,००० | |
| | **जम्मा** | | **८,३३०००** | **८,२८,०००** | **८,२८,०००** | **८,२८,०००** | **८,२८,०००** | **४१,४५,०००** | |
| **२** | **अतिरिक्त क्रियाकलाप** | | | | | | | | |
| २.१ | खेलकुद | सहभागी | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | २,५०,००० | न.पा. |
| २.२ | अ.क्रि. | सबै विद्यार्थी | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | २,५०,००० | न.पा. |
| २.३ | कोचिङ कक्षा | कक्षा ८ र १० लाई ९० दिन | ८१,००० | ८१,००० | ८१,००० | ८१,००० | ८१,००० | ४,०५,००० | न.पा. |
| २.४ | AI तालिम | प्र.अ. | १५,००० | - | - | - | - | १५,००० | |
| २.५ | स्मार्ट बोर्ड | १ | १,५०,००० | - | - | - | - | १,५०,००० | न.पा. |
| | **जम्मा** | | **३,४६,०००** | **१,८१,०००** | **१,८१,०००** | **१,८१,०००** | **१,८१,०००** | **१०,७०,०००** | |
| **३** | **भौतिक** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | रङ्गरोगन | सबै कोठा | १,५०,००० | - | - | - | १,५०,००० | ३,००,००० | न.पा. |
| ३.२ | खानेपानी धारा | सबै विद्यार्थी | १,५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ३,५०,००० | न.पा. |
| ३.३ | घेरा पर्खाल | ३०० मि. | २०,००,००० | - | - | - | - | २०,००,००० | न.पन. |
| ३.४ | स्टाफ टेबल | ६ मि. | ५०,००० | - | - | - | - | ५०,००० | न.पा./संस्था |
| | **जम्मा** | | २३,५०,००० | **५०,०००** | **५०,०००** | **५०,०००** | **५०,०००** | **२७,००,०००** | |

## ५. पहिलो बर्षको वार्षिक कार्यान्वयन योजना (२०८३)

### ५.१ विस्तृत कार्यकलाप र बजेट

**तालिका २४ : पहिलो बर्षको विस्तृत वार्षिक कार्यकलाप र बजेट**

| क्र.सं. | कार्यकलाप | लक्ष्य/बजेट | विस्तृत प्रक्रिया | जिम्मेवारी | समयावधि |
|---|---|---|---|---|---|
| १.१ | विद्यार्थी हाजिरी विश्लेषण तथा नियमिततामा सुधार | मासिक | हाजिरी रजिस्टरका आधारमा विश्लेषण | कक्षा शिक्षक | प्रत्येक महिनाको अन्त्य |
| १.२ | उपस्थिति सुधारका लागि छलफल तथा योजना तयारी | ० | प्रधानाध्यापक र कक्षा शिक्षक | प्र.अ. / कक्षा शिक्षक | नियमित |
| १.३ | शिक्षक नियमितता | दैनिक | अनुपस्थित शिक्षकलाई मौद्रिक प्रेरणा दिने | विद्यालय व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| १.४ | विद्यार्थी टिकाउ दरमा वृद्धि | दैनिक | अभिभावक शिक्षा तथा नियमित हाजिरी | प्र.अ. / कक्षा शिक्षक | दैनिक |
| १.५ | कक्षागत अभिभावक भेला | मासिक | अभिभावकसँग पत्राचार तथा सम्पर्क | प्र.अ. | प्रत्येक महिनाको अन्त्य |
| १.६ | शैक्षिक सामग्री प्रयोगमा प्रोत्साहन | ५०,००० | आवश्यक सामग्री खरिद र प्रयोग | प्र.अ. / शिक्षक | विषय अनुसार |
| | **कुल रकम रू.** | **५०,०००** | | | |

### ५.२ वार्षिक कार्य तालिका (शैक्षिक सत्र २०८३)

**तालिका २५ : पहिलो बर्षको वार्षिक कार्य तालिका**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वैशाख–असार | श्रावण–आश्विन | कात्तिक–पुस | माघ-चैत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक योजना तथा कार्यक्रम स्वीकृति | ✓ | | | | विद्यालय व्यवस्थापन समिति |
| २ | विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम | ✓ | | | | प्रधानाध्यापक/शिक्षक |
| ३ | पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरण | ✓ | | | | विद्यालय |
| ४ | नियमित शिक्षण सिकाइ सञ्चालन | ✓ | ✓ | ✓ | ✓ | शिक्षक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | अतिरिक्त तथा उपचारात्मक कक्षा सञ्चालन | | ✓ | ✓ | ✓ | शिक्षक |
| ६ | प्रथम त्रैमासिक परीक्षा | ✓ | ✓ | | | परीक्षा समिति |
| ७ | द्वितीय त्रैमासिक परीक्षा | | | ✓ | | परीक्षा समिति |
| ८ | वार्षिक परीक्षा | | | | ✓ | परीक्षा समिति |
| ९ | शिक्षक पेशागत विकास तथा तालिम | ✓ | | ✓ | | प्रधानाध्यापक |
| १० | अभिभावक भेला तथा अन्तरक्रिया | ✓ | ✓ | ✓ | ✓ | शिक्षक/विव्यस |
| ११ | घरभेट कार्यक्रम | | ✓ | ✓ | | शिक्षक |
| १२ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | | ✓ | ✓ | ✓ | खेलकुद समिति |
| १३ | राष्ट्रपति रनिङ शिल्ड तयारी | | | ✓ | ✓ | खेलकुद शिक्षक |
| १४ | स्वास्थ्य तथा सरसफाइ कार्यक्रम | ✓ | ✓ | ✓ | | विद्यालय |
| १५ | वृक्षारोपण तथा हरित विद्यालय कार्यक्रम | | ✓ | | ✓ | वातावरण समिति |
| १६ | ICT आधारित शिक्षण विस्तार | ✓ | ✓ | ✓ | ✓ | ICT फोकल शिक्षक |
| १७ | पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | सम्बन्धित शिक्षक |
| १८ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | | ✓ | | | विद्यालय व्यवस्थापन समिति |
| १९ | लेखापरीक्षण तथा वित्तीय समीक्षा | | | | ✓ | लेखा शाखा |
| २० | वार्षिक समीक्षा तथा आगामी योजना निर्माण | | | | ✓ | विद्यालय परिवार |
| २१ | विद्यार्थीको हाजिरी विश्लेषण र नियमिततामा सुधार | ✓ | ✓ | ✓ | ✓ | कक्षा शिक्षक |
| २२ | शिक्षकको नियमितता | ✓ | ✓ | ✓ | ✓ | प्रधानाध्यापक |

**अपेक्षित नतिजा**

- विद्यार्थी भर्ना, नियमितता र टिकाउ दरमा वृद्धि।
- सिकाइ उपलब्धिमा सुधार।
- शिक्षकको पेशागत दक्षता अभिवृद्धि।
- अभिभावक तथा समुदायको सहभागिता वृद्धि।
- विद्यालयलाई सुरक्षित, हरित, बालमैत्री तथा प्रविधिमैत्री बनाउने।
- विद्यालय सुधार योजना कार्यान्वयन प्रभावकारी बनाउने।

## ५.३ अनुगमन योजना

### तालिका २६ : अनुगमन योजना तालिका

| क्र.सं. | कार्य | कार्यान्वयन विधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | बजेट | प्रगति सूचक | अनुगमन |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा अनुशासन कायम गर्ने | अनुशासन शिक्षक तोक्ने | अनुशासन शिक्षक | शिक्षक स्टाफ | साप्ताहिक | – | अनुशासन संस्कृति विकास | प्र.अ. |
| २ | सम्पूर्ण विद्यार्थीलाई गृहकार्य गराउने | कक्षा सुरु हुनुअघि जाँच गर्ने | विषय शिक्षक | विद्यालय प्रशासन | साप्ताहिक | – | सबै विद्यार्थीले गृहकार्य गर्ने | प्र.अ. |
| ३ | अतिरिक्त क्रियाकलाप सञ्चालन | वार्षिक कार्यतालिका अनुसार | अतिरिक्त क्रियाकलाप संयोजक | शिक्षक स्टाफ | तोकिएको अनुसार | ५,००० | विद्यार्थी क्षमता विकास | प्र.अ. |
| ४ | पूर्ण सरसफाइ कायम गर्ने | दैनिक सरसफाइ तालिका | सरसफाइ संयोजक | शिक्षक/ विद्यार्थी | दैनिक | – | सफा वातावरण | अनुगमन संयोजक |
| ५ | मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण | नयाँ पाठ्यक्रमबारे जानकारी | प्र.अ. | विद्यालय प्रशासन | सत्रको सुरुमा | २,००० | प्र.अ. | शि.अ.सं. |
| ६ | अभिभावक–शिक्षक समन्वय | कक्षागत अभिभावक भेला | प्र.अ. | विद्यालय प्रशासन | आवश्यक अनुसार | १,००० | समन्वय सुधार | शिक्षक/ अभिभावक |
| ७ | कक्षाभित्र अन्तर्क्रियात्मक शिक्षण | सक्रिय सिकाइ विधि अपनाउने | विषय शिक्षक | विद्यालय प्रशासन | आवश्यकता अनुसार | १,००० | सिकाइ क्षमता वृद्धि | प्र.अ. |
| ८ | परीक्षा विश्लेषण | नियमित बैठकमा समीक्षा | सबै शिक्षक | प्र.अ. | वर्षमा ३ पटक | १,००० | समस्या पहिचान | लेखा/प्र.अ. |
| ९ | अनुसन्धानात्मक सुधार | सिकाइ समस्या पहिचान | विषय शिक्षक | विद्यालय प्रशासन | पटक–पटक | – | समस्या समाधान | प्र.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | कोचिङ कक्षा सञ्चालन (कक्षा ८, ९, १०) | अतिरिक्त समय तालिका अनुसार | विषय शिक्षक | विद्यालय प्रशासन | साप्ताहिक | – | सिकाइ सुधार | अभिभावक |
| ११ | बिदा व्यवस्थापन सुधार | बिदामा नबस्ने शिक्षकलाई प्रोत्साहन | सबै शिक्षक | प्र.अ. | वार्षिक | १०,००० | नियमित उपस्थिति | विद्यालय प्रशासन |
| १२ | विद्यार्थी भर्ना अभियान | समुदायमा टोल भ्रमण | प्र.अ. | शिक्षक स्टाफ | वार्षिक | – | भर्ना वृद्धि (५–१४ वर्ष) | |
| **जम्मा आवश्यक पर्ने खर्च २०, ०००** | | | | | | | | |

**विद्यालयका दुर्बल पक्षहरू :**

१. आर्थिक अवस्था कमजोर हुनु

२. मापदण्ड बमोजिम शिक्षक दरबन्दी नहुनु

३. केही भवनहरू मर्मतसंभार हुन नसक्नु

४. विद्यार्थी सिकाइ उपलब्धि अपेक्षित रूपमा बढाउन नसक्नु

५. विद्यालय वरिपरिको सबै स्थानमा पक्की घेराबार नहुनु

६. विद्यालयमा अधिकतम् अभिभावकलाई उपस्थित गराउन नसकिनु

७. विद्यार्थीको औसत उपस्थिति बढाउन नसक्नु

८. बिचैमा कक्षा छोडी जाने विद्यार्थीको दर घटाउन नसकिनु

**विद्यालयका चुनौतीहरू :**

(१) विद्यालयका सबै कक्षामा गुणस्तर अभिवृद्धि गर्ने

(२) विद्यार्थी संख्या बमोजिम शिक्षकहरूको व्यवस्थापन गर्ने

(५) विद्यालयको सिकाइ उपलब्धि राष्ट्रिय उपलब्धि परीक्षणको स्तरमा पुर्‍याउने

(६) विद्यार्थीहरूको टिकाउ दर वृद्धि गर्ने

(७) विद्यालयको आर्थिक अवस्था सुदृढ गर्ने

(८) शिक्षकहरूलाई मौद्रिक उत्प्रेरणा प्रदान गर्ने

(९) विद्यालयको भौतिक विकासका लागि आर्थिक स्रोत जुटाउने

**विद्यालयका अवसरहरू :**

सबै विद्यार्थीहरू कक्षाकोठा भित्रै बसेर पढ्न पाईरहेको, छात्रा, दलित, जनजाति, अपाङ्गता भएका एवम् गरिब घर परिवारका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्नादरमा वृद्धि भएको, विद्यार्थीहरू तालिम प्राप्त शिक्षकहरूबाट पढ्न पाईरहेको, विद्यालयको पूर्वपट्टी रहेको घडेरीबाट थोरै भए पनि आम्दानी भईरहेको, विद्यार्थीहरू

स्वास्थ्य र सरसफाइप्रति सजग हुँदै गईरहेको, बाल अधिकारप्रति बालबालिकारू सचेत हुदै गईरहेको, सिकाइमा सूचना तथा सञ्चार प्रविधि उपयोगको प्रारम्भ भैरहेको, विज्ञान प्रयोगशाला मार्फत विज्ञान बिषयमा गरेर सिक्ने र प्रयोगात्मक सिकाइको अवस्था सिर्जना भएको, विद्यार्थीहरू फुर्सदको समयमा पुस्तकालय गई पढ्ने भएको हुँदा पठन संस्कृतिको विकास हुँदै गईरहेको, छात्राका लागि छुट्टै शौचालयको व्यवस्था रहेको, खेल मैदान दुईओटा भएको हुँदा स्वास्थ्य विषयका प्रयोगात्मक खेल खेल्नका लागि कुनै कमी नरहेको, पर्खालको व्यवस्था भैरहेको हुदाँ सुरक्षित महसुस हुँदै गैरहेको, वडा नं. ११ भित्र एउटा मात्र सामुदायिक विद्यालय रहेको कारण नगरपालिकाबाट महत्व पाउन सक्ने अवसर सिर्जना भएको छ।

**विद्यालयका भावी कार्यक्रमहरू :**

१. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालय-समुदाय साझेदारीमा जोड दिने

२. विद्यार्थीहरूको औसत उपस्थितिमा वृद्धि गर्न दैनिक मध्यान्तरपश्चात विद्यार्थीको तथ्याङ्क सङ्कलन गर्ने

३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई मासिक रूपमा विद्यालयको अनुगमन गर्नका लागि अनुरोध गर्ने र विद्यार्थीहरूको प्रगति विवरणको बारेमा जानकारी गराउने व्यवस्था मिलाउने

४. कक्षा १-३ सम्म पठनपाठन भइरहेको अङ्ग्रेजी माध्यमको अतिरक्त विषयलाई निरन्तरता दिने

५. सबै विद्यार्थीहरूलाई खाली समयको उपयोग गर्न पुस्तकालयमा गई पढ्न उत्प्रेरित गर्ने

६. कक्षामा अधिकतम समय बिताउने र बिदामा कम बस्ने शिक्षकहरूलाई प्रोत्साहित गर्ने

७. विद्यार्थीहरूलाई मध्यान्तरका समयमा खेल सामग्री उपलब्ध गर्ने व्यवस्थालाई निरन्तरता दिने

८. शिक्षण सिकाइ प्रक्रियालाई अझै प्रभावकारी बनाउन सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया गर्ने

९. विद्यार्थीहरूको गृहकार्यलाई आन्तरिक मूल्याङ्नसँग आबद्ध गर्ने

१०. सिकाइ प्रक्रियालाई प्रभावकारी र दिगो बनाई पृष्ठपोषण प्रदान गर्न समय– समयमा कक्षा निरीक्षण गर्ने

११. विद्यालयमा कार्ययोजना सहितको अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्थालाई अनिवार्य गर्ने

१२. नगरपालिकाद्वारा आयोजना गरिने सम्पूर्ण शैक्षिक गतिविधिमा सक्रिय सहभागिता जनाउने

१३. विद्यालयको आर्थिक अवस्था कमजोर भएकोले गैर मौद्रिक उत्प्रेरणा मार्फत शिक्षक तथा विद्यार्थीहरूलाई प्रोत्साहन गरिने कार्यक्रमहरू सञ्चालन गर्ने

१४. कक्षा ११ सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययन र सम्बन्धित निकायमा आवश्यक परामर्श गर्ने

१५. खाली पिरियड भएका कक्षा व्यवस्थापन गर्न शिक्षकलाई मौद्रिक प्रेरणा प्रदान गर्ने

१६ . विज्ञान विषयका सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित पाठलाई प्रयोगात्मक रूप दिन ICT Lab को उचित व्यवस्थापन गर्ने

## ६. प्रकोप/विपद् व्यवस्थापन

विपत भनेको कुनै प्राकृतिक वा मानवद्वारा सिर्जित वा निर्मित घटनाहरुवाट आउने अप्रिय परिणाम हो । यस्ता विपद्ले समुदाय, राष्ट्र वा समाजको व्यवस्थापन क्षमता भन्दा वढी क्षमताको माग गर्दछ । यसले सामान्य जीवनलाई छिन्नभिन्न पार्दछ । यसरी विपद् भनेको एउटा त्यस्तो परिस्थिति वा घटना हो जसले पीडा वा चिन्ता ल्याउँछ । यसले धनजनको क्षति वा विनाश गर्दछ । सामान्य जनजीवनमा खलल पार्दछ । मानिस वा जीव जनावरको मृत्यु हुने, घाइते हुने र अपाङ्ग हुने गर्दछ । भूकम्प, ज्वालामुखी विस्फोट, पहिरो, वाढी, आगलागी, महामारी, हैजा, दुर्घटना, आँधीवेहरी, असिना, आतङ्कवादी क्रियाकलाप अपराधिक क्रियाकलाप आदि विपतका रूप हुन् । गरिबी, जनचेतनाको कमी, जलवायु परिवर्तन लगायतका कारण पनि विपद् आइपर्ने गरेको देखिन्छ ।

**(२) विद्यालय सेवा क्षेत्रमा हुन सक्ने संभावित विपद्हरू :**

यस श्री राष्ट्रिय मा.वि. अमरवस्तीको सेवा क्षेत्र भित्र देहाय वमोजिमका विपद्हरुको संभावना देखिन्छ ।

(१) दुर्घटना (२) आगलागी (३) अपराध (४) आँधीवेहरी (५) असिना

(६) महामारी (७) बाढी (८) हात्ती आतङ्क (९) चट्याङ (१०) बाँदर आतङ्क

(११) कोरोना भाइरस

**(३) संभावित जोखिमबाट जोगिन विद्यालयले चाल्नु पर्ने कदमहरू :**

**(१) दुर्घटना :** यस विद्यालयको दक्षिणपट्टी रहेको हुलाकी सडकमा साना र ठूला सवारी साधनहरु प्रशस्तै चल्ने साथै विद्यार्थीहरुको आवागमन समेत सोही बाटोमा हुने हुँदा । उनीहरुको यात्रा जोखिम पूर्ण रहेको छ । यस्तो जोखिम नियन्त्रण गर्न तपसिल उपायहरु अपनाउन प्रयास गरिनेछः

- विद्यार्थीहरुलाई ट्राफीक नियमहरु सम्बन्धमा शिक्षक मार्फत जानकारी दिलाउने ।
- शाखा बाटोमा भएका खाल्डाहरु पुर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।
- विद्यालय क्षेत्र भनी जनाउन एउटा होडिङ बोर्डको व्यवस्था गर्ने । (विद्यालय छेउमा पर्ने हुलाकी सडकको किनारी भागमा)

**(२) आगलागी :**

- विद्यार्थी र तिनका अभिभावक बीच जनचेतनामूलक अन्तक्रिया गर्ने ।
- सामुदायिक वन उपभोक्ता समिति सँग समन्वय गर्ने ।
- विहान र बेलुका बाहेक अन्य समयमा आगो नबाल्न अनुरोध गर्ने ।

(३) अपराध : यस विद्यालयको सेवा क्षेत्र भित्र कहिलेकाँही मानव हत्या, चोरी वन्यजन्तु माथि आक्रमण, लुटपाट जस्ता अपराधिक घटनाहरु पनि घट्ने देखिन्छन् । यस्ता नियन्त्रणका लागि विद्यालयले निम्नानुसारका कदमहरु चाल्नेछ

- बालबालिकाहरुलाई अपराधिक घटनामा संलग्न नहुन सचेत गराउने ।

- अपराधसँग सम्बन्धित पाठ्यवस्तुमा विशेष ध्यान दिने।
- अपराध पछि हुन सक्ने कानुनी व्यवस्था सम्बन्धमा विद्यार्थीलाई जानकारी गराउने।

**(४) आँधीबेहरी :** बैशाख, जेठ महिना तिर यस क्षेत्रमा आँधीबेरी आएर छानो उडाउने धुलो उडाएर वायु प्रदुषण हुने भएको हुँदा यो क्षेत्रको विपत हो। वि.सं. २०७५ बैशाख ३० गते आएको आँधि बेहरीले यस विद्यालयको कम्प्युटर कक्षको छानो समेत उडाएको हो। यसको व्यवस्थापनका लागि विद्यालले अपनाउनुपर्ने ÷अपनाउन सक्ने उपायहरू यसप्रकार छन् :

- आँधीबेहरी प्राय साँझ /बेलुका पख आउने हुँदा सोको संभावित जोखिमबाट विद्यार्थीलाई जोगाउन विद्यालय बिहानी पखको समयमा संञ्चालन गर्ने।
- आँधीबेहरी सम्बन्धी थप अध्यापनका लागि सम्बन्धित क्षेत्रको ज्ञान र अनुभव हासिल गरेका स्रोतव्यक्ति मार्फत विशेष कक्षा संञ्चालन गराउने।
- आँधि हुरी बाट विद्यालयमा कुनै क्ष्ति हुन गए प्रहरी चौकी र वडा कार्यालयमा जानकारी गराउने

**(५) असिना :** यस क्षेत्रमा कहिलेकाही असिना पनि पर्ने गर्दछ। जसबाट जोगिन निम्न उपायहरु यस विद्यालयले अपनाउन सक्नेछ -

- असिना परेको बेलामा यात्रा नर्गन र घरमुनी ओत लागेर बस्न अनुरोध गर्ने।
- सकभर घरका छानाहरु बलियो बनाउन विद्यार्थी मार्फत अभिभावकको ध्ययनाकर्षण गराउने।

**(६) महामारी :** यस विद्यालयको सेवा क्षेत्रलाई खुल्ला दिशामुक्त क्षेत्र घोषण्णा गरिए पनि पूर्ण रुपमा यसको कार्यान्वयन भएको अवस्था छैन। जसका कारण यहाँ महामारीको संभावनालाई नकार्न मिल्दैन। जसका लागि विद्यालयले निम्न उपाएहरु अपनाउन सक्नेछ-

- सबै विद्यार्थीलाई आ–आफ्नो घरमा शौचालय बनाउन अनुरोध गर्ने।
- पक्की शौचालय नसक्नेहरुलाई खाल्डे चर्पी निमार्ण गर्न आग्रह गर्ने।
- बिरामी भएपछि तुरुन्त नजिकको स्वास्थ्य केन्द्रमा गई उपचार गर्न सुझाउने।

**(७) बाढी :** यस विद्यालयको सेवा क्षेत्रको केही भाग बाढी प्रभावित पनि छ। आकाशबाट झरेको पानि मोहना नदीबाट आउने पानीको छलाङ्गले यस क्षेत्रका बासिन्दालाई आतंकित/भयवित बनाउने गर्छ। जसका लागि विद्यालयले निम्न बमोजिमका उपायहरु अपनाउन सक्दछ -

- पानी परेको बेला वर्षातको समयमा घर बाहिर ननिस्कने
- घर बनाउनु पर्ने स्थानमा माटोले पटान गरी उचो बनाउन सुझाव दिने।

- मुसलधारे पानी परिरहेको बेलामा विद्यार्थीलाई माछा मार्न नजान सल्लाह दिने र प्रहरीलाई खबर गर्न आग्रह गर्ने ।

**(८) हात्ती आतङ्क :** यस विद्यालयको सेवा क्षेत्रभित्र धान र गहुँ पाक्ने सिजनमा भारतको दुधवा जङगलबाट आउने हात्तीको बथानले धान, गहुँ, मसुरो बाली खाएर कुल्चेर नष्ट गर्दछ । साथै अभिभावकहरुको घर भत्काउने देखि लिएर करेसाबारी समेत नष्ट गर्दै आएको छ । २०७० सालमा एक र २०७३ मा एक गरी दुई जना मानिसको ज्यान लिएको अवस्था समेत छ । जुन कार्य रोक्नका लागि यहाँका बासिन्दाहरु प्रयासरत रहेपनि सफल भने देखिदैनन् । यसको नियन्त्रणका लागि विद्यालयले निम्न भूमिका खेल्न सक्नेछ -

- हात्ती आएको अवस्थामा उसलाई धेरै नजिस्काउन विद्यार्थीहरुलाई अनुरोध गर्ने ।
- वि.व्य.स., प्र.अ. लगायत इलाका बन सेक्टर बन गा.वि.स.प्रहरी चौकीका साथै यस क्षेत्रका राजनीतिक दलहरुसँग हात्ति आतङ्क नियन्त्रणका लागि समन्वय गर्ने ।

**(९) चट्याङ :** यस क्षेत्रमा पानी परिरहेको बेलामा संयोजनक चट्याङ पनी पर्ने गर्दछ । चट्याङ परी एक जना १८ वर्षकी युवती घाइते भएको जानकारीमा आएको थियो । यस्तो प्रकोप व्यवस्थापनका लागि यस विद्यालयले निम्न उपाय अपनाउन सक्नेछ -

- विद्यार्थीहरुलाई पानी परिरहेको र बादल गर्जिरहेको बेलामा मोबाइल, टि.भी., रेडियो जस्ता विद्युतीय सामग्री नचलाउन सजक गराउने ।
- बर्षातको बेला घर बाहिर सकभर यात्रा नगर्न सुझाउने ।

**(१०) बाँदर आतङ्क :** यस विद्यालयको जङगल नजिकका सेवा क्षेत्रमा बाँदरहरु खेतमा आई बाली नोक्सान गर्ने गरेको गुनासो अभिभावकहरुबाटा आउने गरेको छ । जसलाई यो क्षेत्रको विपत्का रुपमा लिइन्छ । यो विपत् नियन्त्रणका लागि निम्नानुसारका उपायहरु अपनाउन सकिन्छ -

- खेतबारीमा मानव आकारका काठ र कपडाबाट निर्मित नमूना राख्न सुझाव दिने ।
- बाली पाकेको समयमा बालीको पहरेदारी गर्ने लगायतका सुझाव दिने

**(११) कोरोना भाइरस :** यस विद्यालयको सेवा क्षेत्रभित्रका अधिकांश अभिभावकहरु रोजगारीको खोजीमा भारत लगायतका अन्य मुलुकमा जाने गर्दछन् । कोरोना भाइरसको महामारीकै कारण वि.सं. २०७६ चैत्र ११ गते देखिको नेपाल सरकारद्धारा घोषणा गरिएको लकडाउनले गर्दा २०७७ मंसिर १६ गते सम्म यस पुनर्वास न.पा. भित्रका विद्यालयहरुमा अन्य प्रशासनिक कार्यहरु भएता पनि पठनपाठन भने पूर्ण रुपमा बन्द भएको थियो । साथै २०७८।०५।२८ देखि मात्र शैक्षिक सत्र २०७८ का लागि पठनपाठन सुरु भएको थियो । यसैगरी २०७८ को माघ महिना भरी कोरोना महामारीकै कारण विद्यालय बन्द समेत भएका थिए । लकडाउनको अवधिमा यो विद्यालयका सम्पूर्ण कक्षाकोठाहरुलाई क्वारेन्टाइनको रुपमा समेत प्रयोग गरिएको थियो । साथै ६ जनामा सो भाइरसको संक्रमण समेत देखिएको थियो । जसका

कारण सो क्षेत्रका स्थानीय बासिन्दाहरुमा महामारी बढ्दै जाने आशंकाले गर्दा त्रासको वातावरण सृजना भएको थियो। मंसिर १७ गते पछि विद्यालयमा दैनिक रुपमा थर्मल गनद्धारा बालबालिकाहरुको तापमान जाँच गर्ने, कक्षाकोठामा सामाजिक दूरी कायम गरी पठनपाठन गर्ने, दुई चरणमा विद्यालय सञ्चालन गर्ने, नियमित रुपमा साबुन पानीले शिक्षक र विद्यार्थीहरुले हात धुने, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा जारी गरिएको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ मा भएका विकल्पहरुको पालना गरी कक्षा सञ्चालन गर्ने, पाठ्यक्रम समायोजन ढाँचा २०७७ अनुसार पठनपाठन गर्ने, कोभिड १९ को संक्रमणबाट बच्ने उपाय र विद्यालयमा अपनाउनुपर्ने स्वास्थ्य सर्तकता सम्बन्धी सचेतना लगायतका शर्त भित्र रही विद्यालय सञ्चालन गरिएको थियो। यो भाइरसको संक्रमण जुनसुकै बेला पनि हुन सक्ने भएकोले विद्यार्थीहरुलाई स्वास्थ्य सुरक्षाको मापदण्डभित्र रही व्यवहार गर्न बेला बेला सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने जरुरी देखिन्छ। डेङ्गु पनि एक रोगका रुपमा यस क्षेत्रमा देखा पर्न गएको देखिन्छ। जसबाट सर्तक रहनु आवश्यक छ।

## ७. सामाजिक सद्भाव

यस विद्यालय सेवा क्षेत्रभित्र विविधतामा एकतायुक्त समाज रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, थारु, तामाङ्ग, गुरुङ्ग, नेवार, मगर, दलित जातिहरुको बसोबास रहेको छ भने नेपाली, डोटेली, थारु, तामाङ्ग, गुरुङ्ग, मगर लगायतका भाषा बोल्ने मानिसहरु बस्दै आएका छन । हिन्दु, बौद्ध, इसाइ धर्माबलम्बीका मानिसहरु एकआपसमा मिलेर बस्दै आएका छन । समुदायको प्रतिविम्ब विद्यालयमा समेत देखिने गरेको छ । हरेक कक्षाकोठामा विविधतामा एकताको झल्को दिने किसिमको व्यवस्थापन हुँदै आएको छ ।

यस विद्यालयमा सामाजिक सद्भाव कायम राख्न निम्नलिखित उपायहरु अपनाईनेछः

१) विविध भाषा र जातिका विद्यार्थीहरुलाई सँगसँगै बस्ने व्यवस्था मिलाईनेछ ।

२) विद्यालयको बाषिकोत्सव समारोहमा विविध जाती,भाषा र संस्कृति झल्किने खालका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

३) विद्यालयमा सामाजिक सद्भावसँग सम्बन्धित शीर्षकमा वकतृत्वकला, निबन्ध प्रतियोगिता आयोजना गर्ने

४) बेला बेलामा अभिभावक भेला आह्वान गरि छलफल गर्ने

५) सामाजिक सद्भावसँग सम्बन्धित सँघसंस्थासँग समन्वय गरि विद्यार्थीहरुका लागि आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने

६) शिक्षकले विद्यार्थीहरुलाई कुनै पनि नाममा भेदभाव नगर्न निर्देशन दिने

७) शिक्षक विद्यार्थी आचारसंहिता कडाइका साथ लागू गराउने

८) विद्यालयले स्थानीय राजनीतिक दल, बुद्धिजीवी ,समाजसेवी, शिक्षाप्रेमी सँग परामर्श गरी विद्यालयीय गतिविधि अगाािड बढाउने

९) वि.व्य.स., पिटिए, प्रअ, शिक्षकहरुबिच अन्तक्रिया कार्यक्रम सञ्चालन गर्ने

# अनुसूची ३

**विद्यालय स्व–मूल्याङ्कन रुब्रिक/सूची (School Self-Assessment Checklist)**

| क्र.सं. | सूचक | अवस्था (१–४) |
|---|---|---|
| १ | विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक छ | २ |
| २ | कक्षोन्नति तथा उत्तीर्ण दर सन्तोषजनक छ | २ |
| ३ | विद्यालय छोड्ने दर न्यून छ | ३ |
| ४ | विद्यार्थी नियमित उपस्थित छन् | ३ |
| ५ | पर्याप्त विषयगत शिक्षक उपलब्ध छन् | ३ |
| ६ | शिक्षक नियमित रूपमा कक्षामा उपस्थित छन् | ३ |
| ७ | शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्छन् | २ |
| ८ | वार्षिक कार्ययोजना कार्यान्वयन भइरहेको छ | ३ |
| ९ | नियमित अनुगमन तथा पृष्ठपोषण हुने गरेको छ | १ |
| १० | विद्यालयमा अभिलेख व्यवस्थापन व्यवस्थित छ | ३ |
| ११ | पर्याप्त कक्षाकोठा उपलब्ध छन् | ४ |
| १२ | फर्निचर पर्याप्त र उपयोगी अवस्थामा छन् | ३ |
| १३ | शौचालय, खानेपानी र सरसफाइको व्यवस्था राम्रो छ | ३ |
| १४ | विद्यालय सुरक्षित र बालमैत्री छ | ३ |
| १५ | कम्प्युटर, इन्टरनेट तथा ICT सामग्रीको प्रयोग हुन्छ | १ |
| १६ | पुस्तकालय तथा प्रयोगशालाको नियमित प्रयोग हुन्छ | १ |
| १७ | विद्यालय व्यवस्थापन समिति सक्रिय छ | २ |
| १८ | शिक्षक अभिभावक संघ सक्रिय छ | २ |
| १९ | अभिभावकको सहभागिता सन्तोषजनक छ | २ |
| २० | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ हुने गरेको छ | ३ |
| २१ | आर्थिक कारोबार पारदर्शी छ | ३ |
| २२ | लेखापरीक्षण नियमित हुने गरेको छ | ४ |
| २३ | खेलकुद तथा सह–पाठ्यक्रम गतिविधि नियमित छन् | ३ |

| | | |
|---|---|---|
| २४ | बालक्लब, इकोक्लब तथा जुनियर रेडक्रस सक्रिय छन् | ३ |
| | जम्मा अङ्क | ६२ |

**मूल्याङ्कन स्तर**

| **अंक** | **स्तर** | **विवरण** |
|---|---|---|
| १ | कमजोर | न्यूनतम मापदण्ड पूरा नभएको |
| २ | सुधार आवश्यक | मापदण्ड आंशिक रूपमा पूरा भएको |
| ३ | सन्तोषजनक | अधिकांश मापदण्ड पूरा भएको |
| ४ | उत्कृष्ट | सबै मापदण्ड प्रभावकारी रूपमा पूरा भएको |

**नतिजा विश्लेषण (आन्तरिक मापदण्ड)**

- **८०–९६ अंक** = उत्कृष्ट विद्यालय
- **६०–७९ अंक** = राम्रो विद्यालय
- **४०–५९ अंक** = सन्तोषजनक विद्यालय
- **२४–३९ अंक** = सुधार आवश्यक विद्यालय